मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

शिक्षा विधेयकलाई प्राथमिकताका साथ पारित गर्नुपर्ने संसद्को दायित्वः सभामुख घिमिरे



वर्ष ३ | अंक १६० | २०८२ साल वैशाख ११ गते बिहीबार | Thursday 24, April 2025 | सूर्योदयः बिहान ५:३३ बजे | सूर्यास्तः साँझ ६:३४ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## किन खोज्दैछ मधेश सरकार ५८ वर्षका स्वयम् सेवक शिक्षक ?



मधेशदृष्टिले बुधबार साँझ मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीको पार्टी लोसपा नेपालका नेता जितेन्द्र सोनलसँग सम्पर्क गरेको थियो । '४२ वर्षको मुख्यमन्त्री भएको प्रदेशमा ५८ वर्षको स्वयम् सेवक शिक्षक किन चाहियो ?,' मधेशदृष्टिको जिज्ञासामा नेता सोनलले भने, '५८ वर्षको ! यो त सरप्राइज दिनुभयो, यस्तो विज्ञापन आएको छ ?'
नेता सोनलले भने, 'यस विषयमा केही जानकारी छैन, ५८ वर्षको शिक्षक चाहिँदा पनि चाहिँदैन, यो उपयुक्त होइन, पार्टीका नेता कार्यकर्ता भर्तीको पनि कुनै कुरा छैन ।' उनले विज्ञापनमा उमेरहद अनुचित ढंगले आएको प्रतिक्रिया दिए ।
५८ वर्षको, सरप्राइज !

**– जितेन्द्र सोनल,**
नेता एवम् प्रदेश सभा सदस्य, लोसपा नेपाल



हो, हामीले प्रदेश स्वयम् सेवक शिक्षक माग गरेका थियौँ । आवेदन दिने म्याद सकिएको छ । आइतबार या सोमबारतिर यसबारे थप कारबाहीको सूचना आउँछ । तयारी भइरहेको छ ।
सोमबारतिर सूचना आउँछ ।

**– प्रदीपकुमार साह**
सूचना अधिकारी, शिक्षा मन्त्रालय

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सरकारी जागिर खान परे उमेर कति हो ? पुरुषलाई ३५ वर्ष, महिलालाई केही बढी सुविधा । नेपालमा युवाको उमेर कति हो ? ४० वर्ष । राजनीतिमा ५५ वर्षका नेताहरुले युवा नेता भन्दा हामी खिल्ली उडाउँछौँ । अझ स्वयम् सेवक कुन उमेरमा हुने ? जागिर खानुअघि बढीमा २५ वर्षभित्र ।
देशका सात प्रदेशमध्ये कान्छा उमेरका भन्दा फरक पर्दैन, मधेश प्रदेशमा मुख्यमन्त्री छन् मधेशमा र केही नयाँ गरौँ भनेर २०७९ को निर्वाचनबाट उदाएको राष्ट्रिय पार्टी जनमतबाट । त्यही पार्टीका मुख्यमन्त्री छन् सतिश कुमार सिंह ४२ वर्षका । तर उनकै मधेश प्रदेश सरकारले एउटा 'हास्यास्पद विज्ञापन' गरेको छ प्रदेश स्वयम् सेवक शिक्षक आवश्यकता भनेर ।
शिक्षा तथा संस्कृति मन्त्रालयले २०८१ चैत २९ गते मन्त्रालयको वेबसाइटमा अपडेट गरेको विज्ञापनमा शिक्षकको उमेरहद भनिएको छ, '२१ वर्ष उमेर पूरा भई ५८ वर्ष ननाघेको ।'


रानी शर्मा तिवारी, शिक्षामन्त्री, मन्त्रालयको सूचना

मन्त्रालयले स्वयम् सेवक शिक्षक कार्यक्रम अन्तर्गत कक्षा ९ र १० मा पढाउन १ सय ३२ जना शिक्षक नियुक्तिको तयारी गरेको छ । मन्त्रालयले जारी गरेको विज्ञापनअनुसार, वैशाख ४ गतेभित्र आवेदन दिनु पर्ने भनिएको छ । जबकि सरकारले विज्ञापन गर्दा यथेस्ट समय हुन्छ, यो कम समय हो । वार्षिक बजेट सकाउन, कार्यकर्ता भर्ती गर्न हतारमा शिक्षक नियुक्तिको झमेलामा मन्त्रालय लोभिएको देखिएको छ । शिक्षा मन्त्री रानी शर्मा तिवारी हुन्, उनको पार्टी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल हो । पार्टीको कोटाबाट मन्त्री बनेकी तिवारीले पार्टीमा पनि छलफल नगरी मन्त्रालयको बजेट सकाउन यस्तो विज्ञापन जारी गराएको बुझिएको छ । मन्त्रालयले नेपाली भाषाका २०, अंग्रेजी भाषाका ४०, गणित शिक्षक ४२, विज्ञान शिक्षक ३० जनासहित १ सय ३२ जना प्रदेश स्वयम् शिक्षक माग गरेको छ ।
प्रदेश सरकारले स्वयम् शिक्षक माग गरे पनि मधेश प्रदेशमा यी विषयमा मात्रै शिक्षक अभाव होला र ? यसबारे विज्ञापनमा केही बताइएको छैन । यस्ता शिक्षक कुन पालिकामा गएर पढाउने, त्यो पनि खुलाइएको छैन ।
अर्कातिर यस्ता शिक्षकको काम कति महिनालाई हो, त्यो पनि खुलाइएको छैन । विज्ञापन पढेर आवेदन दिएर बाराका ५८ वर्षका शिक्षकको नाम निस्केर उनलाई सप्तरीमा पठाइयो भने उनी गएर पढाउन सक्लान् ? प्रश्न उब्जिएको छ ।
'यो सरासर प्रदेश सरकारको बजेट सकाउन र कार्यकर्ता पालनपोषणको योजना भन्दा माथि देखिएन,' एक स्थानीय तहका जनप्रतिनिधिले भने, 'हामीकहाँ बेरोजगारी बढेर नगर प्रहरीमा स्नातक गरेका युवा भर्ना भएर पालिकाको विद्यालयमा कक्षा लिने जनशक्ति तयार भएका बेला प्रदेश सरकार कार्यकर्ता पाल्न ५८ वर्ष उमेरका स्वयम् सेवी शिक्षक मागिरहेको छ, त्यस्ता शिक्षक आएर हाम्रो पालिकामा के पढाउलान्, विद्यार्थीले स्वीकार्लान् र ?'

## सशस्त्रको १२ नम्बर गणको १८ औँ स्थापना दिवस

**राहुल गुप्ता**
**बारा ।**
सशस्त्र प्रहरी बल नेपाल नम्बर १२ गण हेडक्वार्टर बाराले बुधबार १८औँ स्थापना दिवस मनाएको छ । कलैया उपमहानगरपालिका वडा नम्बर १६ उत्तरझिटकैयामा रहेको हेडक्वार्टरमा स्थापना दिवस मनाइएको हो । कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल नम्बर २ छिन्नमस्ता बाहिनीका बाहिनीपति कालीदास धौबजीले १८ औँ स्थापना दिवसका अवसरमा परेवा र बेलुन उडाउँदै केक काटेर खुशियाली बाँडे । स्थापना दिवसमा गणले संक्षिप्त इतिहास पनि सार्वजनिक गरेको थियो । २०६३ फागुन ९ गतेको मन्त्रिपरिषदेको निर्णयअनुसार सीमा सुरक्षा कार्यालय बाराको स्वीकृति प्रदान भएको कार्यालय २०७० फागुन २२ गते साबिक उत्तरझिटकैया गाविस–४ र हाल कलैया उपमहानगरपालिका वडा नम्बर १६ मा आफ्नै १४ बिघा १० कठ्ठा जग्गामा भवन निर्माण गरी सीमा सुरक्षा कार्यालय बाराको नामबाट



नियमित कार्य सञ्चालन गरिरहेको छ । गृह मन्त्रालयले २०७५ जेठ २७ गते सशस्त्र प्रहरी बलको नयाँ संरचना स्वीकृतिपश्चात कार्यालय स्तरोन्नति भई सशस्त्र प्रहरी बल, नेपाल नम्बर १२ गण हेडक्वार्टर बारा कायम भएको हो ।
त्यस्तै, स्थापना दिवको कार्यक्रममा सांस्कृतिक कार्यक्रम गरिनुका साथै शहीद परिवारलाई सम्मान र पुरस्कार एवम् प्रशंसा पत्र वितरण गरिएको छ । कार्यक्रममा जनमत पार्टीका नेता शिवनाथ पटेल, प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी र कलैया उपमहानगरपालिकाका नगरप्रमुख बिनोद साहले शुभकामना मन्तव्य राखेका थिए । बाहिनीपति धौबजीले स्थापना दिवसको शुभकामना दिँदै सीमामा हुने अवैध कारोबार रोक्न कडा निर्देशन दिए । गणका गणपति खुमबहादुर केसीले सबै सहभागीलाई धन्यवाद दिएका थिए ।

## कश्मिरमा मारिएका सुदीपको शव नेपाल ल्याइँदै

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भारतको काश्मिरको पाहलगममा भएको आतङ्ककारी हमलामा मारिएका नेपाली युवा सुदीप न्यौपानेको शव बुधबार राति नै नेपाल ल्याएको छ । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले भारतीय विदेश मन्त्रालयसँग गरेको पहलपछि उनको शव ल्याइन लागिएको हो । मंगलबार कश्मिरमा आतंककारीको आक्रमणमा परेर सुदीपको ज्यान गएको थियो । उनका साथमा रहेका आफन्तहरू रिमकला पाण्डे, युवराज काफ्ले, सुषमा न्यौपाने र हरिप्रसाद सापकोटालाई पनि नेपाल ल्याउन लागिएको छ । आक्रमणमा रिमकला पनि घाइते भएकी छिन् । मन्त्री डा राणाले नयाँ दिल्लीस्थित नेपाली राजदूत डा शङ्कर शर्मासँग बुधबार बिहानै कुराकानी गरी यस विषयमा समन्वय गर्न निर्देशन दिएकी थिइन् । मन्त्री डा राणा र राजदूत डा शर्माले भारतीय विदेश मन्त्रालयसँग यस विषयमा समन्वय गरेका थिए ।
बुधबार साँझ ५ बजे भारतको श्रीनगरबाट नयाँ दिल्ली र राति ९:३० बजे नयाँ दिल्लीबाट लखनौँ हवाई जहाजमा तथा लखनौबाट नेपालको सीमासम्म एम्बुलेन्समा ल्याउने व्यवस्था गरिएको छ । दिल्लीबाट लखनौँको उडानका लागि उनीहरूलाई सहजीकरण गर्न दिल्ली विमानस्थलमा नयाँ दिल्लीस्थित नेपाली दूतावासबाट दुई जना कर्मचारी खटाइएको छ । त्यसैगरी सुनौली बोर्डरबाट बुटवल घरसम्म नै उनीहरुलाई पु¥याउने व्यवस्थाका लागि पनि मन्त्री डा राणाले गृहमन्त्री रमेश लेखकसँग कुराकानी गरेका छन् ।
घटनास्थलमा रहेका सुदीपका आफन्तले त्यहाँ बस्न सक्ने अवस्था नरहेकाले घर फर्किने व्यवस्थाका लागि अनुरोध गरेपछि परराष्ट्र मन्त्रालयले त्यसका लागि समन्वय गरेको हो । सुदीप बुटवल–११, कालिकानगर रुपन्देही निवासी हुन् । आतङ्ककारी हमालाको नेपाल सरकारले कडा शब्दमा निन्दा र भत्र्सना गरेको छ ।
मंगलबार राति भारत, जम्मुकश्मिरको पहलगाममा आतंककारीको आक्रमणमा नेपालीसहित २६ जना मारिएका थिए । जम्मुकश्मिरमा पर्ने पहलगामको बैसारनमा पर्यटकलाई लक्षित गरेर आक्रमण भएको थियो । बैसारन पहलगामबाट ६ किलोमिटर टाढा पर्दछ । भारतीय मिडियाका अनुसार बैसारन सुन्दर भएकाले 'मिनी स्वीटजरल्याण्ड' भन्ने गरिन्छ । आतंकवादीले नियन्त्रणमा लिएर नाम सोधिसोधी पर्यटकलाई गोली हानेर मारेको दैनिक भाष्करले समाचारमा उल्लेख गरेको छ । मारिनेहरुमा नेपाल र युएइका नागरिकसहित भारतकै गुजरात, महाराष्ट्र, कर्नाटक, तमिलनाडु र ओडिसाका छन् । यसअघि सन् २०१९ को फेब्रुअरीमा जम्मुकश्मिरकै पुलवामा भएको आतकंकारी आक्रमणमा ४० भारतीय सैनिक मारिएका थिए । मंगलबारको हमलापछि राजधानी दिल्ली र मुम्बईसहित भारतभर उच्च सतर्कता अपनाइएको छ ।

## चुल्होचौकाबाट निस्केर सबल बन्दै मधेशका महिला

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
कुनै समय चुल्होचौकोमा मात्रै सीमित तराई मधेशका महिला आर्थिक उपार्जनमा क्रियाशील भएका छन् । उनीहरुले घरासायी प्रयोजनका लागि बनाएको सामग्रीलाई व्यावसायिक स्वरुप दिन थालेपछि आर्थिक उपार्जनसमेत हुन थालेको छ । उनीहरुले घरेलु उत्पादनलाई बजारीकरण गरेर आर्थिक उपार्जन गरेका छन् ।
जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ८ को नमूना बस्तीकी ५५ वर्षीया प्रेमशिला देवी साह मिथिलामा प्रचलित भान्सा परिकारलाई व्यावसायिक स्वरुप दिएकी छिन् । कोरोनाका समयमा आर्थिक समस्याले सताएपछि यही सिपलाई उनले व्यावसायिक स्वरुप दिइन् । उनले शाकाहार भान्सा परिकार उद्योग दर्ता गरेर घरमा भान्साका परिकार उत्पादन गरेर बजारसम्म पुर्याउँछिन् । उनले आँपसहित विभिन्न प्रकारका अचार, मिथिलामा तरकारीको रुपमा प्रयोग हुँदै आएको अदौरी, तिलौरीसहितका परिकार बजारमा पुर्याउने गर्छिन् । उनले भनिन्, 'अहिले जे भए पनि व्यापार राम्रै चल्दै आएको छ, घरमा त्यतिकै बसेर समय बिताउनुको साटो यिनै सामान बजार पुर्याएर





केही रुपैयाँ भए पनि आर्जन गर्दै आएको छु, सन्तुष्ट नै छु ।'
उनले सञ्चालन गरेको उद्योगमा दुई महिला कामदारसमेत कार्यरत छन् । धेरै आम्दानी नभए पनि दुई जनाको परिवार राम्रै चलिरहेको छ । बजारबाट कच्चा पादर्थ ल्याएर घरमा उत्पादन गर्ने र कुनै पनि प्रकारको मिसावटसमेत नहुने गरी उत्पादन गर्दा अलि महंगो पर्ने भए पनि उपभोक्ताले आफ्नै घरको स्वादको अनुभव लिनसक्ने छन् । उद्योगमा कामरदारका रुपमा काम गर्दै आएका महिलासमेत घरको काम सकाएर यत्तिकै बस्नुको साटो केही आर्थिक उपार्जनसमेत हुने सिप प्रयोग गरिरहेको बताउँछन् । श्रद्धादेवीले बनाउदै आएको अचार वर्षौंदेखि चल्दै आएको बताउँदै बजारसम्म पुर्याउने काम गरेको बताइन् ।
उनले यसबाट आफूहरुलाई दुई पैसासमेत आम्दानी हुने गरेको बताइन् । समय त्यतिकै खेर फाल्नुको साटो आफूसँग भएको सिप उत्पादनमा प्रयोग गरेर आर्थिक उपार्जन गरेको बताइन् । कक्षा १० को परीक्षा दिएर यतिकै घरमा बसेकी कोमल पुर्वे खाली समय मिथिला चित्रकलाको साथै विवाहमा चाहिने सामानसहित कढाइका काम गर्न थालिन् । अहिले उनी महिलालाई राखेर चित्रकला सिकाउनेदेखि ती सामान बनाउने गर्छिन् । खाली समयलाई आर्थिक उपार्जन गरेर घरपरिवार चलाउनु हुन्छ । तीन छोराछोरीकी आमा कोमल पेसाबाट निकै सन्तुष्ट छिन् । उनले महिलालाई विशेष गरेर मिथिला चित्रकलामा धेरै नै रुची हुने गरेको बताइन् । आफूसमेत यसतर्फ लागेको बताइन् । उनले समाजमा बढ्दो शहरीकरणका कारण समेत समस्या आउने गरेको र उनीहरुलाई विवाह उपनयनमा सामान खरिद गर्नसमेत समस्या हुने गरेकाले तिनै सामान उत्पादन गरिएको बताइन् ।
उनले भनिन्, 'बजारको समस्या छैन, अहिले महिला मिथिला चित्रकलाले निर्माण गरिएको साडीसमेत किन्ने गरेकाले बजारमा यस्ता सामान सहजै बिक्री हुने गरेको छ ।' उनले यसले आफूहरुलाई आर्थिक उपार्जनमा कुनै समस्या नरहेको बताइन् । महिलाले जानेको सिप आर्थिक उपार्जनसँग जोडेर आम्दानी बढाउने कार्य गरिरहेका छन् । अहिले मुलुकमा तीन तहकै सरकार छ । आत्मनिर्भर बन्ने महिलालाई थप आर्थिक सहयोग गरेर भए पनि महिलालाई व्यावसायिक सिप दिएर आम्दानी बढाउन लाग्नु पर्छ । स्थानीयले समेत स्थानीय उत्पादन प्रवद्र्धन गर्नुपर्ने आवश्यकता छ । सरकारले स्थानीय हस्तकला प्रवद्र्धन गर्नसमेत सहयोग गरेर यसको प्रवद्र्धन गरेको अवस्थामा महिलालाई आत्मनिर्भर बन्न सहज हुने देखिन्छ ।

# तीनकुने घटनामा मृत्यु भएका परिवारलाई जनही १० लाख उपलब्ध गराउने

**काठमाडौँ ।**
सरकारले गत चैत १५ गते तीनकुनेमा भएको घटनामा परी मृत्यु भएका सविन महर्जन तथा सुरेश रजकका परिवारलाई प्रतिपरिवार १० लाख रुपैयाँका दरले राहत रकम उपलब्ध गराउने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को यही वैशाख ८ गतेको निर्णय सार्वजनिक गर्न बुधवार आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वी सुब्बा गुरुङले सो निर्णय गरिएको जानकारी गराएका हुन ।

यसैगरी, सरकारले प्रधानमन्त्रीको अध्यक्षतामा १५ सदस्यीय उच्चस्तरीय शासकीय सुधार आयोग गठन गर्नेसमेत निर्णय गरेको उनले जानकारी गराए । साथै यही वैशाख १६ देखि २२ गतेसम्म भारतको नयाँदिल्ली, देहरादुन र लखनउमा द्विपक्षीय भेटघाटका लागि सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री कमलबहादुर शाह र प्रमुख सचिव डा कमलप्रसाद पोखरेलको भ्रमण स्वीकृत गर्ने निर्णय गरेको छ ।

सासेक विद्युत् ट्रान्समिसन तथा वितरण आयोजना कार्यान्वयनका लागि ओपेक फन्ड फर इन्टरनेशनल डेभलपमेन्ट (ओफिड) बाट १०० मिलियन अमेरिकी डलर बराबरको रकम ऋण सहायता लिनका लागि सैद्धान्तिक सहमति दिने र उल्लिखित ऋणसम्बन्धी वित्तीय सम्झौतालाई अन्तिम रूप दिन सरकारकोतर्फबाट अर्थ मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने निर्णय भएको मन्त्री गुरुङले बताए ।

सरकारले आगामी जेठ २४ गतेदेखि ३१ गतेसम्म जापानमा आयोजना हुने 'काउन्टर पार्ट प्रोग्राम'मा सहभागी हुन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीलाई स्वीकृति प्रदान गर्ने, यही वैशाख २४ गतेदेखि २६ गतेसम्म श्रीलङ्का सरकारले कोलम्बोमा आयोजना गर्न लागेका १७औँ 'रिमेस काउन्सिल मिटिङ एण्ड फोर्थ रिमेस मिनिस्टेरियल कन्फ्रेन्स'मा कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीलाई सहभागी हुन स्वीकृति प्रदान गरेको छ ।

बैठकले यही वैशाख १५ र १६ गते काठमाडौँमा आयोजना हुने दोस्रो 'विलाटेरल टक्स विटविन नारकोटिक्स कन्ट्रोल अथोरिटिज अफ नेपाल एन्ड इन्डिया'मा गृह मन्त्रालयका सहसचिव नेतृत्वको नेपाली प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गरेको छ ।

त्यसैगरी यही वैशाख ८ गतेदेखि १२ गतेसम्म थाइल्याण्डको बैंककमा आयोजना हुने युनाइटेड नेसन्स इकोनोमिक एण्ड सोसियल कमिसन फर एसिया एण्ड द पेसिफिक (युनेस्क्याप) को ८१औँ सत्रमा अध्यक्षता गर्नेगरी सहभागी हुन परराष्ट्रमन्त्रीलाई स्वीकृति प्रदान गर्ने निर्णय गरेको उनले बताए ।

सरकारका नाममा दर्ता स्रेस्ता रहेको कपिलवस्तु जिल्ला, साविक बहादुरगञ्ज गाविस वडा नं ८ ख को ८–१०–९ बिघा सरकारी जग्गा प्रदेशस्तरीय बागवानी स्रोत केन्द्र निर्माण गर्न कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेशलाई उपयोग गर्न सरकारले स्वीकृति दिएको छ ।

सरकारका नाममा रहेको रुपन्देही जिल्ला साविक मोतिपुर गाविस वडा नं ७ ख को ०–८–० बिघा सरकारी जग्गा बुटवल उपमहानगरपालिका वडा नं १९ को वडा कार्यालय भवन निर्माण गर्न बुटवल उपमहानगरपालिका रुपन्देहीलाई उपयोग गर्न स्वीकृति दिने मन्त्रिपरिषद्ले निर्णय गरेको छ ।

सरकारले यही वैशाख ३० र ३१ गते जर्मनीको बर्लिनमा आयोजना हुने 'युएन पिसकिपिङ मिनिस्ट्रियल २०२५' मा रक्षामन्त्री मानवीर राई नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गरेको छ ।

यही वैशाख र जेठ महिनामा 'जोइन्ट इन्डो–माउन्टेनरिङ टु माउन्ट कञ्चनजङ्घा' कार्यक्रमअन्तर्गत भारतीय सेनाकोतर्फबाट १० जना र नेपाली सेनाकोतर्फबाट १३ जनागरी कूल २३ जना आरोही समावेश आरोहण दललाई कञ्चनजङ्घा हिमाल आरोहण गर्दा लाग्ने सलामी दस्तुर पूर्ण रूपमा छुट दिने निर्णय गरिएको उनले बताए ।

नेपाल र हङ्कङबीच हस्ताक्षर हुने 'एमओयु अन कल्चरल कोअपरेसन बिटविन द मिनिस्ट्री अफ कल्चर, टुरिजम एण्ड सिभिल एभिएसन अफ नेपाल एण्ड द कल्चर', 'स्पोर्टस् एण्ड टुरिजम ब्युरो अफ द गर्भरमेन्ट अफ द हङ्कङ स्पेशल एड्मिनिस्ट्रेटिभ रिजन अफ द पिपुल्स रिपब्लिक अफ चाइना' विषयक समझदारीपत्र स्वीकृत गर्ने र उल्लिखित समझदारी पत्रमा समकक्षी मिलाई हस्ताक्षर गर्न नेपाल सरकारकोतर्फबाट संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको छ ।

सर्वोच्च अदालत र अन्तर्गतका निकायको मौजुदा सङ्गठन संरचना र दरबन्दी संशोधन गर्ने, आगामी जेठ ११ गतेदेखि जेठ १३ गतेसम्म क्यानडामा आयोजना हुने 'ग्लोबल कन्फ्रेन्स फर अ कास्ट फ्रि वल्ड' कार्यक्रममा सहभागी हुन राष्ट्रिय दलित आयोगको अध्यक्ष देवराज विश्वकर्मालाई स्वीकृति प्रदान गर्ने सरकारले निर्णय गरेको छ ।

वैदेशिक सहायता परिचालन नीति, २०८२ स्वीकृत गर्ने, सार्वजनिक खरिद (चौधौँ संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने, नेपाल प्रशासन सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा सहसचिव चन्द्रकला पौडेललाई बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने निर्णय भएको मन्त्री गुरुङले जानकारी दिए ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशका प्रमुख सचिव केदारनाथ शर्मालाई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सचिव पदमा सरुवा गर्ने निर्णय पनि सरकारले गरेको प्रवक्ता गुरुङ्ले बताए ।रासस

# शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाह्रसिङ्गा गणना सुरु

**कञ्चनपुर ।**
यहाँको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा विश्वमै दुर्लभ मानिएको बाह्रसिङ्गाको गणना सुरु गरिएको छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयले वन्यजन्तु सप्ताहको अवसरमा यही वैशाख ३ गतेदेखि बाह्रसिङ्गा गणना सुरु गरेको हो । निकुञ्ज कार्यालयले चार समूहमा गणना गरिरहेको निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम वाग्लेले जानकारी दिए ।

'दुई वटा हात्ती प्रयोग गरेर चार समूहमा गणना भइरहेको छ', उनले भने, ''हेड काउन्ट' र ड्रोनबाट गणना भइरहेको छ ।'

उहाँका अनुसार बाह्रसिङ्गा समूहमा मिलेर सीमित ठाउँमा बस्ने भएकाले सोही अनुरुप निकुञ्जको टोलीले गणना गरिरहेको छ ।

वन्यजन्तु सप्ताहको अवसर पारेर निकुञ्जमा बाह्रसिङ्गाको गणना हुँदै आएको छ । निकुञ्जको ५४ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको घाँसे मैदानमा बाह्रसिङ्गा सबैभन्दा ठूलो झुण्डमा देख्न सकिन्छ । निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम वाग्लेका अनुसार गत वर्षको गणनामा निकुञ्जमा दुई हजार ३२३ बाह्रसिङ्गा थिए ।

विश्वमै दुर्लभ मानिएको सारस, खरमजुर, सिम तित्रा, राजधेश र लेसर भुँडीफोर जस्ता पक्षी छन् । स्तनधारी वन्यजन्तुमा ५३ बढी प्रजाती छन् ।रासस

# 'विद्यालय नगएका बालबालिको हितमा आवाज उठाऔँ'

**सुर्खेत ।**
कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले विद्यालय बाहिर रहेका बालबालिकाको हितमा आवाज उठाउनुपर्नेमा जोड दिएका छन। कर्णाली प्रदेशका दशवटै जिल्लाबाट प्रतिनिधित्व गर्दै आएका बालबालिकासँगको साक्षात्कारमा उनले आफ्नो मात्र नभएर विद्यालय जान नपाएका बालबालिकाको पनि सवाललाई उठाउन आग्रह गरे ।

मुख्यमन्त्री कँडेलले विद्यालय जान नपाएका बालबालिका बारेमा घर छिमेकमै रहेका बालबालिका नै बढी जानकार हुनेहुँदा उनीहरूलाई विद्यालय पठाउन प्रेरित गर्ने काममा सहयोगीको भूमिका निर्वाह गर्न सुझाव दिए । उनले भने, 'तपाईहरूकै घरछिमेकका बालबालिका अझै विद्यालय बाहिर छन्, उनीहरूलाई प्रेरित गर्नुहोला ।' समाजमा देखिएका हानिकारक कूरीति अन्त्य गर्न बालबालिकाको भूमिका महत्त्वपूर्ण हुने पनि मुख्यमन्त्री कँडेलले बालबालिकालाई सुझाव दिए । हानिकारक कूरीति जन्मिने घरबाट भएकाले आफ्नो घरमा त्यस्तो कूरीति बढ्न नदिन अभिभावकलाई सचेत गराउनुपर्ने मुख्यमन्त्री कडेलको भनाइ थियो ।

मुख्यमन्त्री कँडेलले राजनीति बुझ्ने तर सानै उमेरमै राजनीति नगर्न पनि बालबालिकालाई सुझाव दिए । उनले भने, 'यो उमेरकै तपाईहरूलाई राजनीति गर्नुस् त भन्दिन, तर राजनीति गर्ने बेला बुझेर मात्र गर्नुहोला । राजनीति भनेको अधिकारको खोजीको यात्रा हो ।'

मुख्यमन्त्री कँडेलले बालअधिकारका विषयमा राखेका विषय सान्दर्भिक भएको र स्थानीय तहलाई सचेत बनाउने काममा पनि लाग्न बालबालिकालाई सुझाव दिनुभयो । यसैबीच कर्णाली प्रदेशस्तरीय बाल सञ्जालका पदाधिकारी र सदस्यले बुधवार भेटघाट गरी ज्ञापनपत्र बुझाएका छन् ।

ज्ञापनपत्र बुझाउँदै सञ्जालकी अध्यक्ष समीक्षा चौधरीले बालबालिकाको उचित सवालको समयमै व्यवस्थापन गर्नुपर्ने, बालविवाह न्यूनीकरण रणनीति र बालविवाहको उमेर हद २० वर्ष कायम गर्नुपर्ने, विद्यालयमा बाल संरक्षणमा ध्यान दिनुपर्ने, समाजमा रहेका हानिकारक प्रथाहरू बालविवाह, जातीय छुवाछूत, छाउपडी प्रथा, अपाङ्गतामाथिको हिंसा न्यूनीकरण गर्न कानुनसँगै व्यवहारिक रुपमा पनि पहलकदमी गर्न सरकारसँग माग गरे ।रासस

# शिक्षकका आन्दोलनलाई सम्बोधन गर्न सरकारले ढिलाइ गर्न नहुने

**काठमाडौँ ।**
सांसदहरुले शिक्षकका आन्दोलनलाई सरकारले सम्बोधन गर्न ढिलाइ गर्न नहुने सुझाव दिएका छन् ।

बुधवार राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको २७५औँ बैठकमा समितिका सांसदहरुले लामो समयसम्म शिक्षक आन्दोलनरत रहँदा पनि सरकारले गम्भीर रुपमा नलिएकाले तत्काल सम्बोधन गर्नका लागि समितिमार्फत सरकारलाई सुझाव दिनुपर्ने बताएका हुन् ।

बैठकमा सांसद गोमादेवी तिमल्सेनाले लामो समयको आन्दोलनले विद्यार्थीको पढाइमा असर परिरहेकाले यस विषयमा सरकार गम्भीर हुनुपर्ने बताए ।

'अहिले पनि शिक्षक विभिन्न मागसहित आन्दोलनरत छन् । जसले गर्दा विद्यार्थीको भर्ना रोकिएको अवस्था छ । उनीहरुको आन्दोलनलाई कसरी सम्बोधन गर्न सकिन्छ ? भनेर सरकारलाई सुझाव दिनुपर्छ', उनले भने ।

उनले गोरखास्थित बारपाकमा २०७२ को भूकम्पपछिको पुनर्निमाण र सामाजिक अवस्थाबारे अवलोकन गर्न आवश्यक रहेको सुझाव दिए । सांसद सुमित्रा विसीले पछाडि परेका प्रदेशहरुलाई नीति तथा कार्यक्रममा प्राथमिकता दिनुपर्ने माग गरे । समितिका सभापति मायाप्रसाद शर्माले बैठकमा उठाइएका विषयबस्तुलाई सम्बोधन गर्न छलफल गरिने प्रतिबद्धता जनाए ।रासस

# पार्टीका प्रत्येक कमिटीमा ३३ प्रतिशत युवा सहभागिता गराइने

**काठमाडौँ ।**
नेकपा (एमाले) का महासचिव शङ्कर पोखरेलले पार्टीका प्रत्येक कमिटीमा ३३ प्रतिशत युवा सहभागिता गराइने बताएका छन ।

अखिल नेपाल महिला सङ्घ (अनेमसङ्घ) केन्द्रीय युवा कमिटीको दोस्रो राष्ट्रिय युवा महिला भेलाको उद्घाटन गर्दै बुधवार उनले भने, 'पार्टीका हरेक कमिटीमा युवाहरू ३३ प्रतिशत पुऱ्याउने गरी पार्टीले काम गरिरहेको छ, तीनपुस्ताको संयोजन गरेर पार्टीलाई अगाडि बढाउनुपर्छ भनेर हामी लागिरहेका छौँ ।'

महासचिव पोखरेलले अहिले पार्टीमा युवाको राम्रो उपस्थिति रहेको पनि उल्लेख गरे । उनले पार्टीका हरेक गतिविधिमा युवालाई प्रतिपस्र्धी बनाएर अब्बल बनाउने र महिला सशक्तीकरण तथा सहभागिता वृद्धि गर्ने प्रतिबद्धता व्यक्त गरे ।

अनेमसङ्घले युवा महिला सशक्तीकरण र सहभागिता वृद्धि गर्ने उद्देश्यले बुधवार राष्ट्रिय युवा महिला भेला आयोजना गरेको हो ।

'समुद्ध नेपालः सुखी नेपाली' को सङ्कल्प पूरा गर्दै समान सहभागिताका लागि सुदृढ सङ्गठन बनाउने सोचका साथ भेला आयोजना गरेको अनेम सङ्घका अध्यक्ष टुकाभद्र हमालले जानकारी दिए ।

युवा कमिटीका संयोजक विन्दु अधिकारीले युवा उमेर व्यक्तित्व निर्माणदेखि राष्ट्र निर्माणमा महत्त्वपूर्ण भएकाले उत्पादन, उद्यमशीलता र रोजगारीमा लगाउनुपर्ने बताए ।

भेलामा उत्पादन, उद्यमशीलता, रोजगारीमा युवा महिलाहरूको अवस्था र सम्भावना, युवा महिलाको नेतृत्व, सशक्तीकरणका अभ्यास र भावी रणनीति, प्रगतिशील संस्कृति, सामाजिक रूपान्तरण र युवा महिला, राजनीतिक दल तथा अन्य सङ्गठनमा युवा महिला नेतृत्व र लैङ्गिक समानताका सवालमा छलफल भइरहेको छ ।

सम्मेलनमा प्रदेश र जिल्ला कमिटीबाट करिब पाँच सय युवा महिलाको सहभागिता रहेको छ । अनेमसङ्घले सातौँ राष्ट्रिय सम्मेलनमार्फत नेतृत्वमा युवाको सहभागिता बढाउने उद्देश्यले कमिटीमा युवा महिलाका लागि ३० प्रतिशत स्थान सुरक्षित गर्ने नीति पारित गरेको छ ।

सम्मेलनपश्चात् अनेमसङ्घ केन्द्रीय युवा कमिटी गठन गरी प्रदेश, जिल्ला तथा पालिका तहमा समेत युवा कमिटी निमाण गर्ने जनाइएको छ ।रासस

# उपप्रधानमन्त्री सिंहसँग भारतका विद्युतमन्त्रीको भेट

**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवम् सहरी विकासमन्त्री प्रकाशमान सिंहसँग भारतका विद्युत्, आवास तथा सहरी मामिलामन्त्री मनोहरलाल खट्टरले भेट गरेका छन ।

मन्त्री खट्टरले बुधवार उपप्रधानमन्त्री सिंहलाई सहरी विकास मन्त्रालयमा भेट गरेका हुन । भेटमा दुई देशको हित, पारस्परिकसम्बन्ध र सहरीकरणको क्षेत्रमा सहकार्यका विषयमा छलफल भएको थियो । भारतले सहरी विकासको क्षेत्रमा पछिल्लो समय गरेको प्रगति, फोहरमैला व्यवस्थापन र सहरी यातायातमा हासिल गरेको उपलब्धिको अनुभव आदानप्रदान गर्ने र आगामी दिनमा यिनै विषयमा सहकार्यका बारेमा सकारात्मक छलफल भएको मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले जानकारी दिए ।

नेपाल र भारत सरकारबीच सहरीकरणका अनुभव आदानप्रदान र सहायता परिचालनका लागि एमओयू तयार भइरहेको र त्यसमा सहमति भएपछि सहरी विकासको क्षेत्रमा दुई देशबीच औपचारिक सहकार्य अघि बढ्ने जनाइएको छ । भारतका विद्युत्, आवास तथा सहरी मामिलामन्त्री मनोहरलाल खट्टर दुईदिने नेपाल भ्रमण सकेर बुधवार साँझ स्वदेश फर्किएका छन ।



मन्त्री खट्टरको भ्रमणले नेपाल–भारतबीचको ऊर्जा सहकार्यलाई नयाँ गति दिएको छ । नेपालमा उत्पादित विद्युत् निकासीका लागि भारतसँग अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्ने द्विपक्षीय सम्झौताले नेपाललाई सहयोग पुगेको छ ।

प्रसारण लाइनको अभावमा नेपालमा उत्पादित विद्युत् खेर जानसक्ने चिन्ताकाबीच भारतसँग ४०० केभी क्षमताका अन्तर्देशीय दुई प्रसारणलाइन निर्माणका लागि सम्झौता हुनु ऐतिहासिक कदम मानिएको छ ।

सम्झौतासँगै अब बन्ने इनरुवा–न्यु पूर्णिया प्रसारण लाइनमा नेपालतर्फ २५ किलोमिटर र भारततर्फ १०० किलोमिटर दूरी रहनेछ भने दोधारा–बरेली प्रसारण लाइन नेपालतर्फ करिब ३५ र भारततर्फ १५० किलोमिटर रहनेछ । यी प्रसारण संरचनाले भारत–नेपाल विद्युत् कारोबारलाई सहज बनाउँदै ऊर्जा प्रवाहलाई भरपर्दो बनाउने आशा गरिएको छ ।

दुई देशबीच भएको सम्झौतामा नेपालको पूर्वी क्षेत्रमा उत्पादित विद्युत् इनरुवा–न्यु पूर्णिया अन्तरदेशीय प्रसारणलाइनबाट भारतसहित तेस्रो मुलुक बङ्गलादेशसम्म बिक्री गर्ने बाटो खुल्नेछ ।

नेपालको दोधारा र भारतको बरेली प्रसारण लाइन निर्माणपछि नेपालको पश्चिम क्षेत्रमा उत्पादित बिजुली भारतलगायत तेस्रो मुलुकमा बिक्री गर्न सहज हुनेछ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री खड्का इनरुवा–न्यु पूर्णिया र दोदोधारा–बरेली प्रसारण लाइन केबल संरचना मात्र नभएर दुई देशबीचको आपसी विश्वास र दीगो विकासतर्फको साझा यात्रा रहेको बताएछन ।

'हामीले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएका छौँ, भारतका समकक्षी मन्त्री खट्टरजीको भ्रमणले यो लक्ष्यप्राप्तिका लागि आवश्यक संरचना र सहकार्यमा महत्त्वपूर्ण टेवा पुऱ्याउनेछ', उनले भने ।

भारतीय विद्युत्मन्त्री खट्टर नेपालको ऊर्जा क्षेत्रमा भएको प्रगति भारतका लागिसमेत महत्त्वपूर्ण भएको बताए । अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि सम्झौता हुनु खुसीको कुरा भएको उनको भनाइ थियो ।

भ्रमणका क्रममा मन्त्री खट्टरले नेपालका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री खड्कासँग संयुक्त रूपमा सङ्खुवासभास्थित अरुण तेस्रो जलविद्युत् आयोजनाको स्थलगत अवलोकन गरेका थिए । दुवै मन्त्रीले आयोजनाको पावर हाउस र बाँध क्षेत्र निरीक्षण गर्दै निर्माण कम्पनीका प्रतिनिधिसँग आयोजनाको कामका बारेमा जानकारी लिएका थिए ।रासस


**Bishnupur Rural Municipality**

Office of the Rural Municipal Executive

**Bishnupur, Saptari, Madhesh Province**

**Invitation for Electronic Bids**

**First Date of Publication: B.S. 2082/1/11 (24th Apr, 2025)**

1. Bishnupur Rural Municipality, Saptari invites electronic bid from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures.

| S N | Contract No. | Description of works/Name of Project | Bid Document price (Non-refundable) | Bid security Amount in (NRS)/ Validity Period | Bid Validity Period |
|---|---|---|---|---|---|
| 1 | 9/NCB/WORKS/BRM/081/082 | Purwa Tol Kankatta Ma Pushpalaal ko Ghar Dekhi Khang Tole Samm ko Sadak Dhalan Karya | Nrs. 3,000/- | 1,11,200/- 120 Days | 90 Days |

2. For details, bidders are advised to visit website: www.bolpatra.gov.np/egp or may visit www.bishnupurmunsaptari.gov.np

**- Chief Administrative Officer**

# बरियापट्टीको दलित समुदायमा ४८ कलधारा निर्माण

**सिरहा ।**
जिल्लाको बरियारपट्टी गाउँपालिका–४ स्थित तेनवापट्टीको बस्तीमा ६० दलित परिवारको बसोबास छ । दक्षिणतर्फ पर्ने हुलाकी सडकबाट नजिकमा रहेको यो बस्तीमा झण्डै चार सय बढी जनसंख्या बसोबास गर्दै आएका छन् । गाउँपालिका र दलित जनकल्याण युवा क्लब लहानको साझेदारीमा दुई महिनाअघि यहाँ कलधारा निर्माण गरिएपछि एउटा कुवामा निर्भर गाउँलेहरूलाई खानेपानीको समस्याबाट मुक्ति मिलेको छ । बरियारपट्टी गाउँपालिकाका विभिन्न दलित बस्तीमा हालसम्म ४८ वटा कलधारा उपलब्ध गराइएको हो ।

'दुई महिना अघिसम्म यहाँका स्थानीय खानेपानीका लागि एउटा कुवामा निर्भर थिए । कुवाको पानी पिउने, हातमुख धुने, नुहाउने, भाँडा माझ्नेलगायत काममा प्रयोग हुन्थ्यो,' स्थानीय अधनियादेवी सदायले भनिन् । अहिले कलधारा निर्माण भएपछि पानीको समस्या समाधान भएको उनको भनाइ छ ।

'हातमुख धुन, घरायसी प्रयोजनका लागि आवश्यक पर्ने पानी भर्न बिहानैदेखि लाइनमा बस्नुपथ्र्यो ।

पानीका लागि निकै दुःख र हैरानी बेहोर्नुपरेको थियो,' विगतलाई स्मरण गर्दै सदायले भनिन्, 'अहिले बस्तीमा १० वटा कलधारा बनाइएको छ । खानेपानीको समस्या समाधान गरेकामा उहाँहरूलाई धन्यवाद ।' यो कलधारा झण्डै दुई महिनाअघि संस्था र पालिकाले दिएको स्थानीय अमरिकाकुमारी सदायले बताइन् । उनले भनिन्, 'त्यसअघि बस्तीमा रहेको कुवाबाट फोहर पानी आउथ्यो । फोहर नै भएपनि पिउनुपर्ने बाध्यता थियो । अहिले जडान गरिएको ट्युबवेलमा भने सफा पानी आइरहेको छ ।' यसअघि एउटा मात्र कुवा हुँदा नुहाउन बढी समस्या हुने गरेको अनुभव उनले सुनाइन् ।

यस्तै समस्या थियो बरियारपट्टीको वडा नं २ स्थित खोक्सीको दलित बस्तीमा । चालिस परिवार रहेको बस्तीमा अहिले दुई वटा कलधारा जडान गरिएको बस्तीकी फूलकुमारी पासवानले जानकारी दिइन् । उनका अनुसार अन्य केही कलधारा निर्माणको क्रममा छन् । यसैगरी वडा नं १ स्थित नर्गीमा रहेको दलित बस्तीमा छ वटा कलधारा निर्माण गरिएको छ ।

गर्मीको समयमा पानीको प्रयोग गर्न सहज भएको स्थानीय बताउँछन् । यहाँका दलित बस्तीमा पानीको चरम अभाव देखेपछि एकीकृत जीविकोपार्जन सुधार परियोजनाअन्तर्गत कलधारा उपलब्ध गराइएको दलित जनकल्याण युवा क्लबका कार्यक्रम संयोजक लालुप्रसाद पोखरेलले बताए ।

उनले भने, 'यत्रो बस्तीका मानिसहरू एउटै कुवाको पानीमा निर्भर रहनुपरेको बाध्यता थाहा पाएपछि हामीले उहाँहरूलाई सहयोग गरेका हौँ । योसँगै हामीले उहाँहरूको जीविकोपार्जनका लागि अन्य सहयोगहरू पनि गरेका छौँ ।' संयोजक पोखरेलका अनुसार बरियारपट्टी गाउँपालिकाका विभिन्न दलित बस्तीमा ४८ वटा कलधारा उपलब्ध गराइएको छ । कलधाराको ३० देखि ६० हजार रुपैयाँसम्म लागत रहेको उनको भनाइ छ । संयोजक पोखरेलले परियोजनाअन्तर्गत दलित र सीमान्तकृत समुदायको जीविकोपार्जन, आम्दानी तथा उत्पादनमा वृद्धि, सरसफाइ, स्वच्छता र खाद्य व्यवहार सुधार तथा सामुदायिक समूहको सशक्तिकरणका लागि भूमिका निर्वाह गरिरहेको जानकारी दिए । गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख रामजुलुम मण्डलले विभिन्न संस्थाहरूसँग सहकार्य र समन्वय गर्दै विपन्न दलित समुदायको जीवनस्तर उकास्न निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।



**गर्मी छल्न रुखको छहारीः** सिरहाको बरियारपट्टी गाउँपालिका—४ स्थित तेनवापट्टी गाउँमा गर्मी छल्नका लागि रुखको छहारीमा बसिरहेका स्थानीय । तस्बिरः सुदिप राउत–रासस

# गर्भवतीका लागि निःशुल्क एम्बुलेन्स

**सर्लाही ।**
जिल्लाको विकट लालबन्दी नगरपालिका–१४ निवासी जमुनी बललाई यही वैशाख ४ गते झिसमिसेमा प्रसूति व्यथा लाग्यो । उनका परिवारले जनप्रतिनिधिमार्फत नगर अस्पतालमा सम्पर्क गरे । अस्पतालबाट तत्काल उनको निवासमा एम्बुलेन्स पुग्यो । अपराह्न उनले स्वस्थ शिशुलाई जन्म दिइन् । अर्को दिन उनलाई एम्बुलेन्समा स्वास्थ्यकर्मीका साथ उनको निवास पुर्याइयो ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा चन्दन चौधरीका अनुसार लालबन्दी नगर अस्पतालले गर्भवती र नवप्रसूतालाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराएको छ । हालसम्म यो सेवा १३ जनाले लिएका छन् । मातृ तथा नवजात शिशु मृत्युदर घटाउने उद्देश्यले अस्पतालँगको समन्वयमा नगरपालिकाले यो सेवा शुरु गरेको हो ।



नगरपालिकाले लालबन्दी नगरपालिकाभित्र जुनसुकै स्थानका गर्भवती महिलाले सुत्केरी हुन अस्पताल जाँदा र अस्पतालबाट घर फर्कँदा निःशुल्क एम्बुलेन्स सेवा लिनसक्ने जनाएको छ । नगरपालिकाले २० लाख १० हजार रुपैयाँमा एम्बुलेन्स खरिद गरेर सेवा शुरु गरेको हो ।

# मालपोत मौलापुरका हाकिम झा अख्तियारीको पर्खाइमा

**आरके श्रीवास्तव**
**गरूडा ।**
रौतहटको मौलापुर नगरपालिकाअन्तर्गत मालपोत कार्यालयका हाकिमको कारण सेवाग्राही मर्कामा परेका छन् । लामो समयदेखि कार्यालय प्रमुखविहीन रहेको मालपोत कार्यालय मौलापुरमा नयाँ कार्यालय प्रमुखका रुपमा कौशल किशोर झा सोमबार हाजिर भए पनि कार्यालयको कामकाज ठप्प रहेको सेवाग्राहीले गुनासो गरे ।

नयाँ कार्यालय प्रमुख झा हाजिर भएको ३ दिन बितिसक्दा पनि अख्तियारी नपाएर प्रमुख झाले कार्यालयको कामकाज नगरी सेवाग्राहीलाई थप पीडा दिइरहेका छन् । चैत महिनाको शुरुमै फाइल पेश गरेको तर कार्यालयमा



हाकिम नरहेको विभिन्न बहानामा कामकाज रोकी वैशाखसम्म कार्यालय धाउन बाध्य बनाएको सेवाग्राहीले दुःखेसो पोखे ।

हाल नयाँ कार्यालय प्रमुखका रुपमा झा हाजिर भए पनि अख्तियारी नपाएको तथा त्यस्तै विभिन्न बहानामा कामकाज नै नगरी कार्यालयमा बसेर गफ हान्नमा व्यस्त देखिएका छन् । स्रोतका अनुसार प्रमुख झाले कार्यालयबारे विभिन्न विवादित कुरा उठान गर्दा तथा विवादित विषयवस्तुमा विशेष गरेर ध्यान पुर्याएका कारण अख्तियारी पाउन कठिनाइ भइरहेको बुझिएको छ ।

मालपोत कार्यालय मौलापुर सञ्चालन भएदेखि नै कार्यालय प्रमुखको रुपमा निरन्तर कामकाज गर्दै आएको बबुनन्दन साहको कार्यकालमा यस्ता समस्या देख्न नपाएका स्थानीय सेवाग्राहीको भनाइ छ । हाल कार्यालय प्रमुख उपस्थित भए पनि सेवाग्राहीको कामकाज नहुँदा दिनहुँ कार्यालयमा आएर बेलुकासम्म प्रतिक्षा गरी निराश भएर घर फर्किनु पर्ने बाध्यता रहेको सेवाग्राहीको भनाइ छ ।

प्रमुख झाले विभागसम्बन्धी कुरा भएकाले विभागीय मन्त्रालयले अहिलेसम्म अख्तियारी नदिएको बताए । सम्बन्धित मन्त्रालयका सचिव सरुवा भएकाले अख्तियारी पाउन थप एक हप्तासम्म लाग्न सक्ने उनले बताए । यता कार्यालयमा कामकाजका लागि दिनहुँ धाउन बाध्य भएका सेवाग्राहीले कार्यालय प्रमुखले अख्तियारी नपाउँदासम्म थप मार खेप्नु पर्ने निश्चित छ ।

# किन राखिन् महिलाले न्यायाधीशको टेबलमा अबिर र मुकुट ?

**मधेशदृष्टि**
**वीरगंज ।**
उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजका मुख्य न्यायाधीश राजन प्रसाद भट्टराईको कार्यकक्षमा एक महिलाले अबिर र मुकुट राख्दा उत्पन्न तनावले अदालतको काम प्रभावित भएको छ । सिसिटिभी फुटेजका बिहान ८ः४८ बजे झोला बोकेर आएकी महिला मुख्य न्यायाधीशको कार्यकक्षमा प्रवेश गरी केही समयपछि बाहिरिएकी थिइन् ।

यो घटनाले मुख्य न्यायाधीशले एउटा निषेधाज्ञाको मुद्दा मात्र हेर्न भ्याए । केही मुद्दा स्थगित भए । अदालतका प्रवक्ता सम्मी कपूर साहले भने, 'महिलाले करिब डेढ घण्टा तनावपूर्ण वातावरण बनाइन् । गोला प्रथाको समयमा उनी लुकेर कार्यकक्षमा प्रवेश गरेकी थिइन् ।'

प्रहरीले घटनाको अनुसन्धान गरिरहेको छ । स्रोतका अनुसार, नागरिकतासम्बन्धी मुद्दा मुख्य न्यायाधीशको इजलासमा तोकिएको थियो । तर घटनापछि न्यायाधीशले प्रतिक्रिया दिँदै भने, 'केही अनावश्यक तनाव भयो, अबिर राखिएको छ, पछि हेरौँला ।'

# नवौँ वर्षमा ओम हस्पिटलको आफ्नै भवन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगजस्थित ओम हस्पिटलले स्थापनाको ८ वर्ष पूरा गरी नवौँ वर्षमा प्रवेश गरेको अवसरमा नयाँ भवनबाट सेवा विस्तार गरेको छ । यसअघि १५ शय्याको अस्पतालका रूपमा सञ्चालित वीरगंज ओम हस्पिटल अब ५० शय्याको अत्याधुनिक मल्टी स्पेसियालिटी अस्पतालका रूपमा वीरगंज महानगरपालिका–१५ रामनगरबाट सेवा शुरु गरेको छ ।

अस्पतालका सञ्चालक तथा स्त्री र प्रसूति रोग विशेषज्ञ प्राध्यापक डा. जगत् दीपले नयाँ भवनबाट अस्पतालले मल्टी स्पेसियालिटी सेवासहित जटिल रोगको उपचारमा नयाँ आयाम थप्ने बताए ।

अस्पतालबाट अब स्त्री र प्रसूति रोगसँगै बाल रोग, हाडजोर्नी तथा नशासम्बन्धी रोग र अन्य जटिल रोगको उपचार सुविधा प्रदान गर्ने डा. दीपले बताए । अस्पतालमा अत्याधुनिक उपकरण, विशेषज्ञ चिकित्सकको टोली र तालिमप्राप्त स्वास्थ्यकर्मीसहित प्रत्यक्षरुपमा ५० जनाले रोजगारी पाएको अस्पतालकी निर्देशक सुनिता जैसवालले जानकारी दिए । नयाँ भवनको वरिष्ठ चिकित्सक प्राध्यापक डा. प्रमोद कुमार सर्राफ र डा. जगत् दीप पटेलसँगै अस्पतालका प्रबन्ध निर्देशक डा. रामाशकंर दीपले संयुक्त रूपमा उद्घाटन गरे ।

# शिक्षकशिक्षिकालाई छोराछोरी सामुदायिकमा पढाउन वडाध्यक्षको निर्देशन

**मधेशदृष्टि**
**बारा ।**
जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १५ मा रहेका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकका छोराछोरीलाई सामुदायिक विद्यालयमा भर्ना गर्न निर्देशन दिइएको छ ।

वैशाख ८ गते बसेको वडा समितिको बैठकको निर्णय सूचनामार्फत जारी गर्दै वडाध्यक्ष रामप्रसाद लामिछानेले यस्तो निर्देशन दिएका हुन् ।

वडाध्यक्ष लामिछानेले आफ्नो वडामा रहेका सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षक–शिक्षिकाहरुले आफना छोराछोरीलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयमा मात्र भर्ना गराउन निर्देशन दिएका हुन् । यदि कुनै पनि शिक्षक वा शिक्षिकाले छोराछोरीलाई संस्थागत (निजी) विद्यालयमा भर्ना गराएको पाइएमा ती शिक्षक वा शिक्षिकालाई पालिका र वडाबाट उपलब्ध हुने सेवासुविधा कट्टा गरिने चेतावनीसमेत वडाध्यक्ष लामिछानेले सूचनामर्फत दिएका छन् । वडाध्यक्ष लामिछानेको निर्देशनको वडाबासीले प्रशंसा गरेका छन् ।

# यात्रुबाहक बसबाट चाँदीका गहना बरामद

**मधेशदृष्टि**
**बारा ।**
जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर १ पथलैया चोकमा प्रहरीले यात्रुबाहक बसबाट ठूलो मात्रामा चाँदीका गहना बरामद गरेको छ । प्रहरी चौकी पथलैयाबाट प्रसनि अमृत मैनालीको कमाण्डमा खटिएको प्रहरी टोलीले वीरगंजबाट तुलसीपुर दाङ जाँदै गरेको बागमती प्रदेशको ३२५६ नम्बरको बसलाई मंगलबार साँझ साढे पाँच बजेतिर रोकी जाँच गरेको थियो ।

जाँचक्रममा बसको क्याबिनभित्र सिटमुनि टेपले बेरेर राखिएको कार्टुन शंकास्पद देखिएपछि प्रहरीले खोलेर हेर्दा विभिन्न किसिमका चाँदी जस्तो देखिने रेडिमेड गहना फेला परेका हो । बरामद गरिएको गहनाको तौल ६ किलो छ भने अनुमानित मूल्य १० लाख ८० हजार रुपैयाँ बराबर रहेको प्रहरीले जनाएको छ । बेवारिसे चाँदीका गहनासहित बसलाई नियन्त्रणमा लिई आवश्यक कानूनी कारबाही प्रकृया अगाडि बढाइएको प्रहरीले जानकारी दिएको छ ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. २००६/०९/२९ गते

स्वर्गारोहण
वि.सं. २०८१/१२/३१ गते

स्व. कन्हैया प्रसाद ढकाल

यस बैंकका संस्थापक शेयरधनी **कन्हैया प्रसाद ढकाल** यही मिति २०८१ चैत्र ३१ गते आईतवारका दिन ७५ वर्षको उमेरमा असामयिक स्वर्गारोहन भएको आज **१२ औं दिनको पूण्य तिथि**मा दिवगंत आत्माको चिरशान्तिको कामना गर्दै **भावपुर्ण श्राद्धाञ्जली** अर्पण गर्दछौं । साथै यस दूःखद घडीमा ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

अध्यक्ष
प्रा. डा. श्री जैनूद्दीन अंसारी
एवम्
कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेड
(परिवार)

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend

सम्पादकीय

# रुमानी सपनाका कठपुतली संस्करण सुधारौँ

*जनआन्दोलन २०६२–६३को कठोर मेहनत र नेपाली जनताको बलिदानबाट वैशाख ११ गते लोकतन्त्र स्थापना भएको हो । सशस्त्र द्वन्द्वमा होमिएको नेकपा माओवादी र सातदलको संयुक्त सरकार बनेर देश गणतन्त्रको बाटोमा हिँडेको हो । धर्म निरपेक्ष र संघीयताको अभ्यासमा नेपाल जोडिएको हो। त्यो कठोर दमन, बर्बरता, नेपाली जनताले भोगेको कष्टका दिनहरु सम्झन पनि लायक छैनन्। मुलुकमा रहेको सताब्दीऔँ पुरानो राजतन्त्र र वंशजका आधारमा राजा हुने परम्परासँगै उनको हुकुम प्रमांगीबाट चल्ने मुलुकमा गणतन्त्रको आगो बाल्ने पुस्ताहरु आज स्थानीय सरकार, प्रदेश सरकार केन्द्र सरकारमा पुगेका छन् । नेपाली जनताले चाहेजस्तो विकास र सुविधा त देशमा छैन, तर व्यवस्थापन सुधार नगर्ने हो भने यो व्यवस्था पनि जनमुखी भएन भनेर अर्को सुव्यवस्था माग हुनु पर्नेमा देश उल्टै गतिमा हिँड्ने अभ्यासमा फसिरहेको छ । त्यो हो, यो भन्दा त राजतन्त्र राम्रो। जुन कदापि थिएन भनेर यत्रो सहादतबाट लोकतन्त्र ल्याइएको हो।*

*आज नेपाली जनताका छोराछोरी मधेशी, महिला, जनजाति पालैपालो राष्ट्रपति, उपराष्ट्रपति, मुख्यमन्त्री हुने परम्परालाई खर्चिलो भनेर नयाँ पुस्तामा भ्रम छरिएको छ।*

*राजपरिवारको सदस्यको खान्कीसमेत राजाले तोकेबमोजिम हुने, राज्यको ढुकुटीमा परिवार पालनपोषण र पढाइ हुने परम्पराले उनका चाकरहरु मात्र राजनीतिमा टिक्ने व्यवस्थाका खिलाफ नेपाली जनताले आवाज उठाए । राजा महेन्द्रका प्रिय हुँदाहुँदै पनि सप्तकोशी ब्यारेजले नेपाली भूमि डुब्छ भनेपछि रामराजा प्रसाद सिंहका बुबाले बिमती राखे र रामराजाप्रसाद सिंह त गणतन्त्रवादी बनेर संसद भवनमा बम पड्काउने काण्डका नाइके भए । जेलनेल सहे। मधेश भूमिबाट जनताका दिन फिर्न पर्छ भनेर जुन क्रान्तिचेतको हावा चलाइएको थियो, आज मधेश नै संघीयताको जननी भएको छ । २०६३ वैशाख ११ गतेलाई हामीले नयाँ पुस्तामा पुस्तान्तरण गर्न नसक्दा मिथ्यांकहरु प्रस्तुत गरेर राजतन्त्रका पक्षमा सामाजिक सञ्जालमा नयाँ पुस्ता उफार्ने काम भइरहेको छ।*

*हो, अभ्यासमा रहेको प्रदेश सरकारलाई विज्ञमुलक बनाउन सकिएको छैन। जनताको चाहनामा विकासका योजना लैजान कठिनाइ छ। योजना किनबेच भएको र जनताले विकासको अनुभूति गर्न नपाएका कुरा आएका छन्। यति मात्र होइन, यही व्यवस्थामा खराब गर्ने दण्डित भएका छन्। कैयौँ नेताहरुको राजनीतिक जीवन सकिएको छ। बदमासी गर्नेहरुलाई लोकतन्त्रमै डामिएको छ । हिजो रुमानी सपनामा भिजेका जनतालाई अनुभूत हुने गरी अहिलेको कठपुतली शासकहरुको आनीबानी सुधारसहितको उच्चतम लोकतान्त्रिक गणतन्त्र नै नेपाली जनताको मुहार फेर्ने व्यवस्था हो । यसमैमा हामीले खबरदारी गरौँ। नयाँ पुस्तालाई भड्काएर व्यवस्थामा खलल पुग्ने काममा कोही पनि उत्तेजित नबनौँ। लोकतन्त्र दिवसको सबैमा शुभकामना।*

# नयाँ पुस्तालाई जनआन्दोलन २०६२–६३ को झलक

मितिः २०६२ चैत २२ देखि २०६३ वैशाख ११ गतेसम्म
स्थानः नेपालभर
परिणामः नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापना
मृत्युः २० जना



नेपालको जनआन्दोलन २०६२–६३ वा जनआन्दोलन–२ नेपालमा भएको आन्दोलन थियो, जुन १९ दिनसम्म चलेको थियो । आन्दोलनले नेपालको २ सय ३७ वर्ष पुरानो राजतन्त्र ढालेर देशमा लोकतान्त्रिक गणतन्त्रको जग बसालेको थियो। यस आन्दोलनमा विभिन्न राजनीतिक दल र सशस्त्र युद्ध गरिरहेको तत्कालीन माओवादीसमेत सम्मिलित भएको थियो।

**आन्दोलनको पृष्ठभूमिः**

२०४६ मा भएको जनआन्दोलनबाट पञ्चायती व्यवस्था ढलेर संसदीय व्यवस्था र संवैधानिक राजतन्त्र स्थापना भएको थियो। बहुदलीय संसदीय व्यवस्था नेपालमा लामो समयसम्म चल्न सकेन । राजनीतिक दलहरूको आपसी बेमेल तथा विसं २०५२ मा शुरू भएको माओवादी जनयुद्धका कारण देश झन् अस्थिरतातर्फ बढेको थियो । २०५८ सालमा नेपालका राष्ट्रप्रमुख रहेका राजा वीरेन्द्र शाहलगायत उनको परिवारका सबै सदस्यको नारायणहिटी दरबारमा हत्या भएको थियो । त्यसपछि उनका माहिला भाइ ज्ञानेन्द्र नेपालका नयाँ राजाका रूपमा गद्दीमा बसेका थिए।

सोही साल देशमा संकटकालीन अवस्था लागू गरिएको थियो। तर न त माओवादी जनयुद्ध रोकियो न त दलहरूबीच नै सहमति बन्न सक्यो । फलतः राजाले निर्वाचित संसद भङ्ग गरेर सत्ता आफ्नो हातमा लिए। नेपाल अधिराज्यको संविधान २०४७ मा राजकीय सत्ता तथा राजाको अधिकारको विषयमा केही व्यवस्था स्पष्ट नभएकाले राजाले यो कदम उठाउन सकेका थिए । विनासंसदको देशमा विभिन्न व्यक्तिको प्रधानमन्त्रीत्वमा राजाले मन्त्रिमण्डल फेर्दै गए र अन्ततः राजा ज्ञानेन्द्रले २०६१ माघ १९ गते एउटा घोषणामार्फत सम्पूर्ण राज्यसत्ता आफ्नो हातमा लिएर आफ्नै अध्यक्षतामा नयाँ मन्त्रिमण्डल गठन गरेका थिए । त्यसपछि देशभरका टेलिफोन तथा मोबाइलका प्रसारण लाइन काटिएको थियो । रेडियो, टिभी, पत्रपत्रिकालगायतका सञ्चार माध्यममा नियन्त्रण गरिएको थियो । मौलिक हकमा समेत प्रतिबन्ध लागेको थियो। राजा ज्ञानेन्द्रको यो कदमको देशभित्र मात्र नभएर विश्वव्यापीरूपमा विरोध भएको थियो। राजनीतिक दलहरू आन्दोलनमा उत्रिएका थिए।

**निर्णायक चरण**

विभिन्न राजनीतिक दलहरूको गठबन्धनले राजाको कदमविरूद्ध आन्दोलन गरिरह्यो । तर लामो समयसम्म पनि यसले कुनै परिवर्तन ल्याउन सकेन। यसैक्रममा सशस्त्र युद्ध गरिरहेको नेकपा माओवादी र आन्दोलनरत सात राजनीतिक पार्टीहरूबीच २०६२ फागुनमा भारतको मध्यस्थतामा नयाँ दिल्लीमा वार्ता भई १२ बुँदे सहमति भयो । त्यसपछि अन्य राजनीतिक दलसँगै माओवादीले पनि हतियार बिसाई जनआन्दोलनमा सहभागी भयो। सबै मिलेर आन्दोलन भयो । सुरक्षाकर्मीको व्यापक दमनका बाबजुद मानव सागर सडकमा उत्रियो । राजाले वैशाख ८ गते घोषणा गरी जनताको नासो जनतामा नै फिर्ता गरेको भने । तर आन्दोलन मत्थर भएन । त्यसपछि वैशाख ११ गतेको सम्बोधनमा ७ राजनीतिक दलको मार्गचित्रबमोजिम विघटित संसद पुनस्थापित गरेको घोषणा गरेपछि लोकतन्त्र स्थापना भयो।

**घटनाक्रमः**

२०६२ चैत २४ गतेः सात दलद्वारा आमहड्ताल सुरुवात

२०६२ चैत २५ गतेः प्रहरीले पाटन र कीर्तिपुरमा आन्दोलनकारीमाथि रबरको गोली चलाउँदा तीन जना घाइते, आमहड्तालको समर्थनमा नेपाल राष्ट्र बैंक र राष्ट्रिय बाणिज्य बैंकका कर्मचारीद्वारा कार्यालयको काम ठप्प, सरकारी स्वामित्वमा रहेका नेपाल टेलिकम र नेपाल विद्युत् प्राधिकरणको कर्मचारीद्वारा लोकतन्त्रका पक्षमा नाराजुलुश

२०६२ चैत २७ गतेः सात दलसम्बद्ध संयुक्त जनआन्दोलन केन्द्रीय संयोजन समितिको बैठकले कर्फ्यु तथा निषेधाज्ञाको अवज्ञा गर्दै विरोध प्रदर्शन तथा आमहडताललाई अझ सशक्त र प्रभावकारी ढंगले निरन्तरता दिने घोषणा

२०६२ चैत २८ गतेः कर्फ्यु फिर्ता गरी प्रजातन्त्र बहाली गर्न माग गर्दै वीर अस्पतालका चिकित्सक आन्दोलनमा

२०६२ चैत ३१ गतेः कानून व्यवसायीले निकालेको जुलुशमा प्रहरीले गोली र लाठी चार्ज गर्दा २८ जना भन्दा धेरै घाइते

२०६३ वैशाख १ गतेः आन्दोलनरत दलहरूको आमहड्ताल र विरोध प्रदर्शन जारी

२०६३ वैशाख ३ गतेः आन्दोलनको एघारौँ दिन प्रदर्शन जारी, प्रदर्शन रोक्न बल्खु र पाटन मंगलबजारमा प्रहरीले अन्धाधुन्ध गोली प्रहार गर्दा १३ जना गम्भीर घाइते

२०६३ वैशाख ५ गतेः अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्था एम्नेस्टी इन्टरनेसनल, ह्युमन राइट वाच र इन्टरनेसनल कमिसन अफ जुरिस्टले नेपालको मानवाधिकारस्थितिबारे स्वीट्जरल्यान्ड सरकारले जेनेभामा आयोजना गरेको बैठकमा राजा ज्ञानेन्द्र, वरिष्ठ सहयोगी र सैनिक उच्च पदाधिकारीलाई अरू देश प्रवेशमा रोक लगाउन र तिनको सम्पत्ति रोक्न आह्वान। गृह मन्त्रालय र नेपाल राष्ट्र बैंकका कर्मचारीहरू प्रदर्शनमा।

२०६३ वैशाख ७ गतेः आन्दोलनरत प्रदर्शनकारीले आन्दोलन नियन्त्रण गर्न लगाइएको कर्फ्यु आदेश अवज्ञा गर्दै पाँच लाख भन्दा बढी आन्दोलनकारी प्रदर्शनमा। कलंकीमा प्रहरीले चलाएको गोलीबाट कम्तीमा ३ जनाको मृत्यु हुनुका साथै, ६ दर्जन भन्दा बढी गम्भीर घाइते।

२०८३ वैशाख ८ गतेः राजा ज्ञानेन्द्रबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम देशको शासन व्यवस्थाको अभिभारा ग्रहण गर्न मन्त्रिपरिषद् गठन गर्नका लागि प्रधानमन्त्री पदका लागि यथाशीघ्र नाम सिफारिस गर्न सात राजनीतिक दललाई आह्वान। श्री ५ बाट सम्बोधन गर्दै मुलुकको कार्यकारिणी अधिकार जनतामा फिर्ता गरेको घोषणा।

२०६३ वैशाख १० गतेः शाही सम्बोधनको विरोधमा मुलुकभर कर्फ्यु र निषेधाज्ञा तोड्दै जनप्रदर्शन जारी । राजधानीका शान्तिपूर्ण प्रदर्शनमाथि प्रहरीले कोटेश्वर, बुद्धनगर, कलंकी, बालाजुलगायतका ठाउँमा अन्धाधुन्ध गोली, लाठी र अश्रुग्यास प्रहार गर्दा ५७ जना गम्भीर घाइते

२०६३ वैशाख ११ गतेः राजा ज्ञानेन्द्रद्वारा राति ११:३० मा देशबासीका नाममा सम्बोधन । सम्बोधनमा राजाबाट नेपाल अधिराज्यको राज्यशक्तिको स्रोत नेपाली जनता नै रहेको र नेपालको सार्वभौमसत्ता एवम् राजकीयसत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयङ्गम गर्दै वर्तमान जनआन्दोलनमार्फत अभिव्यक्त भएको जनभावना एवम् आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत समग्र समस्याको समाधान गर्दै तत्कालीन प्रधानमन्त्रीको सिफारिसमा २०५८ जेठ ८ मा विघटित भएको प्रतिनिधि सभालाई नेपालको संविधान २०४७ बमोजिम पुनस्थापित गरी पुनस्थापित प्रतिनिधि सभाको बैठक वैशाख १५ गते शुक्रबार दिनको १ बजे संसद भवन सिंहदरबारमा बस्ने गरी आह्वान।

२०६३ वैशाख १४ गतेः राजा ज्ञानेन्द्रद्वारा सात राजनीतिक दलको सर्वसम्मत निर्णयका आधारमा नेपाली काङ्ग्रेस संसदीय दलका नेता गिरिजाप्रसाद कोइरालालाई नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम प्रधानमन्त्री पदमा नियुक्ति।

२०६३ वैशाख २९ गतेः जनआन्दोलन दबाउनेमाथि छानबिन गर्न गठित उच्चस्तरीय छानबिन आयोगको सिफारिसमा निवर्तमान सरकारका कमल थापा, रमेशनाथ पाण्डे, श्रीष शमशेर राणा, टंक ढकाल र निक्षशमशेर राणालाई सार्वजनिक सुरक्षा ऐन अन्तर्गत ९० दिनको पूर्जी दिई गिरफ्तार

**अन्तरिम संविधान र अन्तरिम संसद**

आन्दोलनरत माओवादी र सरकारबीच विस्तृत शान्ति सम्झौता सम्पन्न भयो। नेपालको अन्तरिम संविधान २०६३ निर्माण भयो र माओवादी समेतलाई सम्मिलित गरी अन्तरिम व्यवस्थापिका संसदको निर्माण भयो। माओवादीसमेत सम्मिलित संयुक्त सरकार बन्यो र नेपालको भावी संविधान निर्माण गर्नका लागि संविधानसभाको निर्वाचन तोकियो। विकिपिडिया

# प्रबुद्ध वर्ग नै देश ठप्प पर्ने गरी बन्द गर्दै हिँडेपछि...



बाबुराम आचार्य

शिक्षक आन्दोलन तीन साता पुग्न लाग्दैगर्दा शिक्षामन्त्री विद्या भट्टराईले एकाएक राजीनामा दिनुभएको छ । सेवासुविधा वृद्धि र वृत्तिविकाससँग सम्बन्धित विविध माग राखेर नेपाल शिक्षक महासङ्घको आह्वानमा भइरहेको यस आन्दोलनमा सहभागी शिक्षकहरुले २१ दिनदेखि विद्यालय तहको अध्ययनअध्यापन ठप्प पारेका छन्। झण्डै पाँच लाख विद्यार्थी सहभागी हुने कक्षा १२ को बोर्ड परीक्षा समेत हुन नदिने वा परीक्षाका कार्यक्रममा सहभागी नहुने चेतावनीले सबैलाई झस्क्याएको छ । स्कुल खुल्ने प्रतीक्षामा रहेका लाखौँ बालबालिका र उनीहरुका अभिभावक अहिले बिलखबन्दमा परेका छन् । नयाँ शैक्षिक सत्रमा भर्ना हुन नपाएका धेरै विद्यार्थी निजी आवासीय विद्यालय (बोर्डिङ)तर्फ आकर्षित हुन थालेका खबरहरु आइरहेका छन्।

देशभरका विद्यालय ठप्प पारेर आफ्नो माग पूरा गराउन सरकारमाथि चर्को दबाब दिइरहेका शिक्षकहरुको यो आन्दोलन कहिले, कुन रुपमा टुङ्गिन्छ भन्ने कसैले अनुमान लगाउन सकेका छैन । प्रधानमन्त्री र सभामुखसँग समेत वार्ता गरिसके पनि कुनै ठोस निष्कर्षमा तत्कालै पुग्न सक्ने देखिएको छैन। प्रधानमन्त्रीले शिक्षकहरुका जायज मागहरु मात्र पूरा गर्नसक्ने बताउँदै शिक्षकहरुलाई आन्दोलन रोक्न, भर्ना अभियान थाल्न र परीक्षा कार्यक्रमहरुमा सघाउन आग्रह गरे पनि शिक्षक महासङ्घका पदाधिकारीहरुले सरकारको यो आह्वानलाई तत्काल स्वीकार गर्न राजी छैनन् । अर्थात् संसद्मा विचाराधीन विद्यालय शिक्षा ऐन र शिक्षक–कर्मचारीका माग सम्बोधन नहुँदासम्म उनीहरु मैदान नछाड्ने अडानमा छन् । यो अवस्थामा अझै कहिलेसम्म आन्दोलन चलिरहन्छ भन्ने अन्यौल बढेको छ।

हाम्रो समाजले पेसामध्येको सबैभन्दा पवित्र पेसाका रुपमा शिक्षणलाई लिन्छ। शिक्षण पेसा अवलम्बन गर्दा आमरुपमा शिक्षकले विद्यार्थीलाई के पढाउने ? के सिकाउने? कस्ता विद्यार्थी उत्पादन गर्ने? भन्ने हेरिन्छ । चिकित्सक, इञ्जिनियर, वकिल, पत्रकार, राजनीतिज्ञ, कर्मचारी, प्रहरी, सेना, कूटनीतिक व्यक्तित्व, व्यवसायी, उद्योगपति, सिकर्मी–डकर्मी, किसानलगायत सबै नागरिकसँग शिक्षकको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ। शिशु कक्षादेखि प्राथमिक तथा निम्न माध्यमिक र माध्यमिकदेखि उच्च माध्यमिक तह, स्नातक, स्नातकोत्तर, एमफिल, पिएचडीसम्म लगभग सबैसँग शिक्षकको नाता सोझै जोडिएको हुन्छ भने अर्कोतिर शिक्षकको सम्बन्ध घर, परिवार, टोल तथा समाजसँग स्वाभाविक रूपमा रहेको हुन्छ।

नेपालजस्तो भौगोलिक, सांस्कृतिक, भाषिकजस्ता अनेकन विविधता रहेको देशमा शिक्षकले अनेक भूमिका निर्वाह गर्नु परिरहेको हुन्छ, र उनीहरु समाजका पथप्रदर्शकका रुपमा अघिअघि हुनुपर्ने अवस्था छ। तर पछिल्ला घटनाक्रमहरुले नेपालमा शिक्षकहरूको त्यो महत्तो र गरिमामा पछिल्ला वर्षहरुमा कमी आउन थालेको हो कि भन्ने शङ्का उत्पन्न हुँदैछ । शिक्षकहरूले अलिकति पनि सोचेनन् कि २१ दिनसम्म विद्यार्थी विद्यालय जान नपाएर घरमा टिकटक, फेसबुक, युट्युब चलाएर बसेका छन्, टेलिभिजन हेरेर बसेका छन् । उनीहरूको स्कुल भोलि लाग्छ कि पर्सी लाग्छ भनेर पर्खेर बसिरहेका छन्, कतिपयको त बानी नै बिग्रिसकेको हुनसक्छ अध्ययनतिर।

खासगरी अधिकांश शिक्षक एवं तिनका अगुवाहरू कुनै न कुनै राजनीतिक दलका भ्रातृ संस्थासँग आबद्ध हुनुहन्छ भन्ने समाचार आइरहेका छन् । विद्यार्थीलाई किताबी ज्ञान र जीवन पढाउन–सिकाउनभन्दा राजनीतिको आडमा बेलगाम व्यस्त रहने प्रवृत्ति मौलाएको छ । पढाइमा भन्दा अन्य कार्यहरुमा समय खेर फालेर कैयौँ शिक्षकहरु आफ्नो जिम्मेवारीबाट च्यूत हुनुभएको जगजाहेर छ। आफ्ना सन्तान तथा आफन्तलाई निजी तथा विदेशमा पढाउने, विदेश भ्रमणका लागि लालायित हुने, भ्रष्टाचारमा संलग्न हुने, यौन दूराचारलगायतमा शिक्षकहरु जोडिएको देखिनु अर्को विडम्बना हो । अहिले मुलुकमा शिक्षा र स्वास्थ्य लगभग पूर्णरूपमा व्यापारीकरणको दिशामा गएको छ । यस्तो अवस्थामा शिक्षामा समानता कसरी कायम हुन सक्ला?

देशको भविष्य के होला ? पछिल्ला वर्षहरुमा केही सरकारी विद्यालयहरुले राम्रो नतिजासहित नमुना कार्य पनि गरेका छन्। तर शिक्षकका पटकपटकका विरोध प्रदर्शन र आन्दोलनका कारण झाङ्गिएका विकृति र विसङ्गतिले अन्ततोगत्वा अधिकांश सरकारी विद्यालयप्रति घृणा फैलिएको छ भनेर शिक्षकहरु स्वयंले स्वीकार्नुको विकल्प छैन । यही कारण हो, सरकारीको तुलनामा निकै महँगो निजी स्कुलप्रति आकर्षण बढेको छ । यहाँ बिर्सन नहुने कुरा के छ भने कतिपय शिक्षकले निजी स्कुल नै खोलेका छन्, सञ्चालक छन्। उनीहरुलाई सरकारी स्कुल बन्द भएकामा कुनै पश्चाताप हुने कुरै भएन। नत्र, विद्यार्थी भर्ना र परीक्षाको समय पारेर गरिएका यस्ता प्रकारका आन्दोलनले आमरुपमा शैक्षिक क्षेत्रमा कस्तो प्रभाव पार्छ ? हामीले बेलैमा विद्यालय शिक्षामा सुधार नगर्ने हो भने नेपाली विद्यार्थीहरु अध्ययनका लागि भारत, चीन र अन्य देशतिर जाने सम्भावना बढ्दैन र?

अरुलाई नैतिकताको पाठ सिकाउने र समाजलाई सही बाटो देखाउन प्रयत्न गर्ने शिक्षकहरु वार्ता र संवादको बाटो छाडेर एकोहोरो सडक आन्दोलनमा हिँड्नु विल्कुलै उपयुक्त होइन । इमान्दार शिक्षकले बुझ्न ढिला भएन र ? शिक्षक महासङ्घले विद्यालय खोले रेकर्ड राखेर कारबाही गर्ने चेतावनी दिएको खबर पनि आइरहेको छ, र त्यही डरले पनि कतिपय विद्यालयका शिक्षकहरु जबर्जस्ती आन्दोलनमा सहभागी हुन बाध्य छन् । 'शिक्षकले राजनीतिक गर्नै हुन्न, उनीहरूले कुनै पनि राजनीतिक दलको सदस्यता लिनै हुन्न, शिक्षकहरूले आफू सरकारी विद्यालयमा अध्यापन गराउने हुँदा आफ्ना छोराछोरी तथा परिवारका सदस्यलाई अनिवार्य रूपमा सरकारी स्कुलमै पढाउनुपर्छ, शिक्षकहरूले व्यापार व्यवसायमा जोडिन मिल्दैन' भन्ने खालका योजनाहरु तत्कालैअघि नसारे शिक्षकको इज्जत प्रतिष्ठा त माटोमा मिल्छ–मिल्छ, समाजलाई खबरदारी गर्ने मुख्य संवाहकप्रति समाजले प्रश्न उठाउँछ नै। प्रधानमन्त्रीले भन्ने तरिका नमिलेको हुनसक्छ तर शिक्षामा राज्यले लगानी गरेअनुसारको प्रतिफल नआएको कुरा शतप्रतिशत सही हो।

सडकमा शिक्षकहरुका नारा पनि उदेकलाग्दा छन् । 'शिक्षकहरूले मन्त्री कसले बनायो ? हामीजस्ता शिक्षकले' 'मन्त्री कसले खुस्काउँछ ? हामीजस्ता शिक्षकले' भन्ने प्रकारका राजनीतिक नारा दिएर भाइरल हुँदै शिक्षकको इज्जत प्रतिष्ठा समाप्त पार्ने बाटोमा गएको देखिन्छ । सडकमा उच्छृङ्खल नाच देखाएर समाजलाई हसाइँरहेका छन्, टिकटकमा भाइरल हुने कार्यहरु गरी समाजका जिम्मेवार पेसालाई एउटा राजनीति गर्ने तथा व्यापारीभन्दा पनि समाजको स्वार्थी मानिसमा परिणत गराउँदै छन् । शिक्षकले तत्काल आन्दोलन रोकेर, सरकारसँग यथाशस्य छिटो वार्ता गरेर तत्काल पठनपाठन प्रक्रियामा सहभागी हुनेलगायतका शैक्षिक गतिविधिमा सरिक भई पेशागत मर्यादा बचाउनेतर्फ आदरणीय गुरुवर्गको ध्यान जानु अहिलेको आवश्यकता हो। अहिलेका विषम परिस्थितिमा आफ्नो पेशागत व्यवसायमा पर्केपछि मात्र देशभरका सम्पूर्ण अभिभावक र विद्याथीले राहत पाउने विश्वास गर्न सकिन्छ। अनि गुरु वर्गको पनि इज्जत, प्रतिष्ठा बढ्छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# संविधान संशोधन गरी सङ्घीय र प्रदेश मन्त्रालय र सांसदको सङ्ख्या घटाउनुपर्छः एनपी साउद

**काठमाडौँ ।**
निर्वाचन खर्चिलो बन्दै गएको छ । मितव्ययी चुनाव कसरी बनाउने भन्ने पनि चुनौती छ । त्यसैगरी एकपटक उम्मेदवार भएको चुनाव जितेपछि पाँच वर्षसम्म उसले जनताका निम्ति के काम गरेको छ भन्ने कुरा बाहिर आउनुपर्छ । सांसदको मूल्याङ्कन गर्ने पद्धति हुनुपर्छ । दुई पटकसम्म स्थानीय, प्रदेश र सङ्घीय संसद्को चुनाव सम्पन्न भएको छ । दुई पटकसम्म भएको संविधानसभा निर्वाचनबाट निर्मित संविधान कार्यान्वयनकै चरणमा छ । अहिले पनि संविधानबमोजिम धेरै ऐनहरू बन्न बाँकी छ । संवैधानिक प्रावधानअनुसार संविधानको हरेक वर्ष पुनरावलोकन गर्नुपर्ने हुन्छ । यसरी हेर्दा संविधान जारी भएको दश वर्ष पुग्दै छ । संविधानमा लेखिएका व्यवस्थाको कार्यान्वयनका चरणमा हामीले देखे भोगेका कमीकमजोरीलाई विस्तारै संविधान संशोधनमार्फत हटाएर लैजानुपर्छ । संविधानलाई संशोधनमार्फत अझ सशक्त, जनमुखी र अझै प्रजातान्त्रिक बनाएर अगाडि बढाउने चुनौती हाम्रो अगाडि छ ।



सत्तारुढ गठबन्धनको सात बुँदे सहमतिमा समेत संविधान संशोधनको मुद्दा उठेको छ । हरेक दश वर्षभित्र संविधान पुनरावलोकन गर्ने भन्ने विषय संवैधानिक व्यवस्थाभित्र पनि रहिआएको छ । संविधानको सम्बन्धमा धेरै मुद्दाहरू छन् । सङ्घीयतालाई कसरी कार्यान्वयन गर्ने भन्ने पनि प्रमुख विषय छ । प्रदेशहरूलाई अधिकारसम्पन्न कसरी बनाउने भन्ने विषय पनि छ । स्थानीय सरकारलाई कसरी अझ बढी अधिकारसम्पन्न बनाउने भन्ने चुनौती छ । संवैधानिक रूपमा रहेको समानुपातिक र समावेशी चरित्रलाई निरन्तरता दिँदै यसको प्रतिनिधित्वलाई अझै बढी लोकतान्त्रिक बनाएर लैजाने र प्रत्यक्ष निर्वाचित प्रणालीमा कसरी अगाडि बढ्ने भन्ने चुनौती पनि छ । स्थानीय, प्रदेश र सङ्घीय सरकार गरी अहिले सात सय ६१ वटा सरकार छन् । सरकारको कारणले जनतामा जुन खालको आर्थिक चाप परिरहेको छ । राजस्व साधारण खर्चतर्फ मात्रै गइरहेको अवस्था छ । केन्द्र र प्रदेश गरेर आठ सयभन्दा बढी सांसद छन । मन्त्री पनि लगभग एक सयको हाराहारीमा छन् । स्थानीय तहको प्रमुख वा उपप्रमुख, अध्यक्ष वा उपाध्यक्ष, वडाध्यक्ष र सदस्य सबैलाई आर्थिक रूपमा केही न केही पारिश्रमिक दिइएको छ । जसको कारणले देशलाई आर्थिक भार परेको छ । जसको कारणले अर्थव्यवस्था थाम्न मुस्किल भएको छ ।

जनताको कर सरकारी संयन्त्र व्यवस्थित गर्न मात्रै लागिरहेको छ । यो एउटा जटिल प्रश्न छ । सङ्घीयता बलियो बनाउनका लागि सङ्घीय सरकारलाई 'इफेक्टिभ' हुनेगरी काम गर्नुपर्छ । विदेश गरेर प्रदेश सरकारलाई कर्मचारी छनोटको कुरामा, प्रशासनका विषयमा, अधिकार प्रत्यायोजित गर्नुपर्छ । सुशासनको निम्ति सरकार जिम्मेवार हुनुपर्छ । कुनै पनि फाइल सरकारी टेबलमा आइसकेपछि झुलाउन भएन कि त्यो फाइल 'रिजेक्ट' हुनुपर्यो । हरेक चोटी कार्यालय धाउनुपर्ने अवस्थाको अन्त्य गर्नुपर्छ । छिटो र छरिटो सेवाका लागि सरकारले अनलाइन सर्भिसको व्यवस्था गर्नुपर्छ । सरकारी कार्यालयमा सेवाको बारेमा कुनै गुनासो आएको छभने त्यसको सम्बोधन तत्कालै हुनुपर्छ । सेवाग्राहीको फाइल कि त 'एसेप्ट' गर्नुपर्यो, कि 'रिजेक्ट' गर्नुपर्यो, झुलाउन भएन ।

रातारात कानुन बनाउने ढाँचामा जाँदा त्रुटि हुनसक्छ । त्यो त्रुटिका कारण निर्दोष मानिसले पनि सजाय पाउन सक्छ । त्यसकारण कानुनका लागि जनस्तरमा छलफल हुनुपर्ने, सरकारको तहमा छलफल हुनुपर्ने, राजनीतिक दलको तहमा छलफल हुनुपर्ने हुन्छ । त्यसपछि मात्र राष्ट्रियसभा र प्रतिनिधिसभामा व्यापक छलफल गरेपछि मात्र दुवै संसद्बाट पास हुन्छ । रातारात कर्मचारीले बनाएको कानुनलाई हतारहतार पास गर्दा कार्यान्वयनमा चुनौती हुन पनि सक्छ । त्यसैले संसद्ले आफ्नै रफ्तारमा आवश्यक कानुन बनाइनै रहेको छ । यद्यपि कानुन बनाउने गतिलाई संसद्ले तीव्रता दिनुपर्ने छ । सरकारले पर्याप्त विधेयकहरु छलफलका लागि संसद्लाई दिन सकेको छैन । संसद्मा जनताका सवाल पर्याप्त मात्रामा उठ्ने गर्छन् । सांसदहरूले आ–आफ्नै धारबाट, आ–आफ्नो कोणबाट उठाइनै रहेका हुन्छन् । त्यहीअनुसार सरकार जवाफदेही हुनुपर्ने हो । तर भएजस्तो देखिँदैन । संसद्मा सांसदले उठाएका जनताका सवाललाई गम्भीरतापूर्वक लिएर त्यसको कार्यान्वयन गर्नुपर्छ । सांसदले बोलेका धेरै कुरा संसदीय रेकर्डमा छ । तर कार्यान्वयनमा आउँदैन ।

हाम्रो संविधानमा राजसंस्था भन्ने कुरै छैन । कुनै पनि विचारलाई प्रजातन्त्रले निषेध गर्दैन । तर कुनै पनि विचार संविधानको दायिराभित्र रहेर आउनुपर्छ । संवैधानिक प्रक्रिया भएर आउनुपर्छ । कुनै पनि विचारका बारेमा मेरो यही धारणा हो । विश्वव्यापीकरणको युग भएको हुनाले आफ्नो अवसर र क्षमता वृद्धिका लागि जोकोही मानिस संसारभरि जाने कुरा स्वाभाविक छ । तर नेपाल देश रित्तिने गरेर युवा जनशक्ति जसरी बाहिर जाँदै छ, त्यसबाट देशले प्रतिफल लिन सकेको छैन । त्यसका लागि बाहिर जाने मान्छेलाई सीपसम्बन्धी तालिम दिएर मात्र पठाउनुपर्छ । बाहिर जाँदा उनीहरूको जीवन सुखी हुने, उनीहरूको आयस्रोत सुनिश्चित भएको ठाउँमा मात्र पठाउनुपर्छ । नेपाली युवा विदेश पठाउने व्यापारीकरणले कयौँ मानिस ठगिएका छन् । त्यसलाई नियन्त्रण गर्न सरकारले निश्चित कानुनी प्रबन्ध गर्नुपर्छ । देशको अर्थ व्यवस्थाभित्र युवाहरूको विश्वास छैन । अहिलेको अवस्थामा विशेष गरेर दलहरू र नेताका बारेमा युवाहरू नकारात्मक बनेको छ । त्यसकारण नेताहरूले मार्गप्रशस्त गरेर नयाँ पिँढीको विश्वास जित्ने किसिमको परिपाटी विकसित हुने गरेर दललाई प्रजातान्त्रिक बनाउनुपर्छ । दलभित्र प्रजातान्त्रिककरणको प्रक्रियालाई सुदृढ गर्नुपर्छ । अहिले देशमा जति पनि राजस्व आइरहेको छ, त्यो सबै साधारण खर्चतर्फ गइरहेको छ । तीनै तहका सरकारलाई तलब खुवाउनुपर्ने छ । सांसदलाई तलब खुवाउनुपर्ने छ । हामीले सङ्घीयतामा गएको कुरा गर्छौँ । तर काठमाडौँमा कृषियोग्य जमिन छैन । भए जतिका 'फस्टकलास' र विशिष्ट श्रेणीका कृषि मन्त्रालयका कर्मचारी सबै काठमाडौँमा छन् । विकेन्द्रीकरण भनेको हामीसँग भएको जनशक्तिलाई स्थानीय तह र प्रदेशमा पठाउने हो । जिल्लामा पठाउने हो । केन्द्रका सर्मचारीलाई वडावडामा उठाउनुपर्छ । जुन काम हुनसकिरहेको छैन । त्यो बढो चिन्ताजनक कुरा छ । जनताको अवस्थामा धेरै सुधार आएको छ । अवस्थामा सुधार आउने क्रम पनि जारी छ । अरु देशमा जुन गतिमा अ◌ा◌िर्थक विकास भइरहेको छ, त्यो दिशामा अगाडि बढ्न सकेका छैनौँ । तर जनताको अवस्थामा क्रमिक रूपमा सुधार भएको छ । हामीले पढ्दा र अहिलेको विद्यालयमा अन्तर आएको छ । त्यही हो परिवर्तन भनेको । हामीले पढ्ने बेलामा विद्यालयको भवन थिएन ।

कम्तीमा अहिले त सबै गाउँगाउँमा विद्यालयका भवन छन् । पहिला र अहिलेको शिक्षाको पद्धतिमा पनि परिवर्तन भएको छ । हाम्रो बेलाको औसत आयु र अहिलेको औसत आयुमा पनि परिवर्तन आएको छ । मातृ शिशु मृत्युदरको सम्बन्धमा पनि परिवर्तन भएको छ । जनचेतना पनि बढेको छ । सडकलागयत पूर्वाधार निर्माण भएका छन्भने देशा अधिकांश भागमा खानेपानी सुविधा उपलब्ध भएको छ । देशमा केही भएको छैन भन्ने भाष्य गलत हो । भारत, चीन, सिङ्गापुर र दक्षिण कोरियाले गरेको विकास हेर्दा हामी सन्तुष्ट हुने ठाउँ छैन ।रासस

# 'लैङ्गिक समानताका लागि सक्रियताका साथ काम भइरहेको छ'

**काठमाडौँ**
महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर शाह सुडीले लैङ्गिक समानताको विकास गर्दै राज्यको मूलधारमा पर्न नसकेका, पिछडिएका वर्ग तथा समुदायका महिलाको उत्थानका लागि सरकारले सक्रियताका साथ काम गरिरहेको बताएका छन ।

'समलैङ्गिक दृश्यता दिवस–२०२५' को अवसरमा मितिनी नेपालले बिहिवार आयोजना गरेको कार्यक्रममा मन्त्री सुडीले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको विकास र सशक्तीकरणका लागि वार्षिक बजेटमा रकम विनियोजन गरी योजना तथा कार्यक्रममा समेटेर काम भइरहेको उल्लेख गरे ।

उनले 'समलैङ्गिक दृश्यता दिवस' का अवसरमा शुभकामना व्यक्त गर्दै लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको आन्दोलन सुरु भएको दुई दशकभन्दा बढी भए पनि लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायभित्रका समलिङ्गी, द्वयलिङ्गी र क्वेर महिलाका विषय अझै ओझेलमा परेका बताए ।

मितिनी नेपालले प्रकाशन गरेको लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको महिलाका रूपमा पहिचान गर्ने ११ वटा प्रेरणादायी कथा समेटिएको पुस्तक 'जीवन परिवर्तनको आँधी' को विमोचन गर्दै मन्त्री सुडीले महिलावादी आन्दोलनमा पनि लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका मुद्दालाई प्राथमिकता दिएर छलफल नभएको बताए ।

उनले भने, 'फरक यौनिकता भएकाले यो समुदायका महिला लान्छना, भेदभाव, अपमान, धम्की तथा दुर्व्यवहारको शिकार भएका छन् । यही कारणले समाजमा खुलेर आउन सकेका छैनन् ।' संविधानको धारा ३८ मा 'महिलाको हक सुनिश्चित गर्दै प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समान हक हुनेछ' भनिएको छ । त्यसैगरी धारा ३८ मा 'प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुने र सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ' भनी उल्लेख गरिएको छ ।

यसैबीच, लैङ्गिक पहिचानसहितको विवाह दर्ता हुनुपर्ने मागसहित सर्वोच्च अदालतमा परेको रिटमा विसं २०८० असार १३ गते अदालतले समलिङ्गी विवाहका लागि अस्थायी विवाह दर्ता गर्ने फैसला सुनाएको थियो । गृह मन्त्रालयले स्थानीय पञ्जीकाधिकारीको कार्यालयलाई अस्थायी अभिलेख दर्तालाई सहज बनाउन सोहीअनुसार निर्देशन दिएको थियो । सोहीअनुसार सो समुदायका कतिपय जोडीले आफ्नो विवाहलाई अस्थायी रूपमा दर्ता गराउँदै आएका मितिनी नेपालले जनाएको छ ।

हरेक वर्ष अप्रिल २६ लाई समलैङ्गिक दृश्यता दिवस विश्वव्यापी रूपमा यौनिक तथा लैङ्गिक विविधता भएको समुदायले मनाउँदै आएका छन् ।

मन्त्री सुडीले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय र समुदायभित्रका समलिङ्गी, द्वयलिङ्गी र क्वेरको अधिकार स्थापनाका लागि सम्पर्क (फोकल) मन्त्रालयका रूपमा सधदैव साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गरे ।

मितिनी नेपालका संस्थापक अध्यक्ष लक्ष्मी घलानले समुदायबाट समयसापेक्ष समर्थन नपाउँदा महिलाभित्रका समलिङ्गी महिलाले अझै पनि विभिन्न चुनौतीको सामना गर्नु परिरहेको बताए । संस्थाका कार्यकारी निर्देशक सरिता केसीले राज्यले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायभित्रका समलिङ्गी, द्वयलिङ्गी र क्वेर महिलाका लागि समान अधिकारको व्यवस्था गर्नुपर्ने माग गरे । रासस

# शिक्षा विधेयक यथाशीघ्र पारित गर्न माओवादीको माग

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले विद्यालय शिक्षा विधेयक यथाशीघ्र पारित गरेर शिक्षकका जायज माग पूरा गर्न सरकारको ध्यानाकर्षण गराएका छन ।

पार्टी मुख्यालय पेरिसडाँडामा बुधवार आयोजित पत्रकार सम्मेलनमा उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले आसन्न संसद् अधिवेशनको प्रारम्भमा शिक्षा ऐन पारित गरेर आन्दोलनरत शिक्षकलाई विद्यालयमा फर्काउने वातावरण बनाउन माग गरे ।

माओवादीले लघुवित्त पीडित, सहकारी पीडित, कर्मचारी, चिकित्सकलगायत आन्दोलनरत पक्षसँग तत्काल वार्ता गरी जायज माग पूरा गर्न सरकारको ध्यानाकर्षण गराएको छ । वर्तमान सरकारको ध्यान सुशासन, भ्रष्टाचार नियन्त्रण र जनभावना सम्बोधन गर्नेतर्फ लक्षित गर्न माओवादीले सरकारसँग आग्रह गरेको छ ।रासस

# निजामती विधेयकको नाम र प्रस्तावना मात्र अनुमोदन

**काठमाडौँ**
प्रतिनिधिसभाअन्तर्गत राज्य व्यवस्था समितिले सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा प्रतिवेदनमा उल्लेखित नाम र प्रस्तावनालाई अनुमोदन गरेको छ ।

समितिको बिहिवार बसेको बैठकमा निजामतीमा रहेका कर्मचारी सेवाबाट बाहिरिएको कति समयपछि संवैधानिक आयोग वा अरु कुनै सार्वजनिक पदमा नियुक्ति गर्ने भन्ने सन्दर्भमा समितिमा मतैक्यता हुन नसकेपछि आज अरु विषय अघि बढ्न नसकेको हो ।

बैठकपछि सभापति रामहरि खतिवडाले 'कुलिङ पिरियड' कति राख्ने भन्नेमा सत्तापक्षका सांसदबीच मतैक्यता नभएको तथा प्रमुख प्रतिपक्षको फरक धारणा भएको प्रतिक्रिया दिए ।उनले भने, 'यसमा पार्टीको कुनै दबाब छैन, स्वतन्त्र रूपमा कानुन बनाउने पक्षमा छौँ ।

सांसद दलगत रूपमा प्रस्तुत हुनुभयो भने अप्ठेरो हुन्छ । पार्टीगत र जातिगत रूपमा नभई कर्मचारी, समाज र देशमैत्री बनाउनुपर्छ हाम्रो चाहना छ ।'

बैठकमा समितिको प्रतिवेदनको मस्यौदा सबै सदस्यलाई वितरण गरिएकाले उहाँहरूका सुझावका आधारमा सच्याउनुपर्ने र संशोधन कार्य भएपछि समितिले अर्को बैठकबाट पारित गर्ने सभापति खतिवडाले जानकारी दिए ।रासस

# पाथीभरा क्षेत्र विकास समिति सम्मानित



**ताप्लेजुङ ।**
धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको प्रवद्र्धनमा सक्रिय भूमिका निर्वाह गरेको भन्दै पाथीभरा क्षेत्र विकास समितिलाई नेपाल ज्योतिष परिषद् कोशी प्रदेशले सम्मान गरेको छ ।

परिषद्ले पाँचथरको फिदिममा बिहिवार आयोजना गरेको 'ज्योतिष, वास्तु, धर्मशास्त्र तथा धार्मिक पर्यटन प्रवद्र्धन कार्यक्रम' मा समितिलाई सम्मान प्रदान गरेको हो ।

समितिले लामो समयदेखि धार्मिक पर्यटनको विकासमा पु¥याएको योगदानको उच्च मूल्याङ्कन गर्दै सम्मान गरिएको आयोजकले जनाएको छ । समितिका अध्यक्ष रक्षी थेबे (लिम्बु) ले सम्मानपत्र ग्रहण गरे ।

फिदिम नगरपालिकाका उपप्रमुख राधाकृष्ण न्यौपाने, नेपाल ज्योतिष परिषद् केन्द्रीय महासचिव विश्वप्रकाश लामिछाने, परिषद्को कोशी प्रदेश अध्यक्ष बाबुराम निरौला र जिल्ला अध्यक्ष रमेशचन्द्र न्यौपानेले संयुक्त रूपमा सम्मानपत्र हस्तान्तरण गरेका थिए ।

ज्योतिष पेसामा लामो समयदेखि योगदान पु¥याउँदै आउनुभएका नेपाल ज्योतिष परिषद् पाँचथरका सल्लाहकार एवं समितिका संयोजक गङ्गाराम भट्टराई र वरिष्ठ उपाध्यक्ष नेत्रप्रसाद भट्टराईलाई समेत सम्मान गरिएको थियो ।

समितिका अध्यक्ष थेबेले परिषद्को सम्मानले धार्मिक पर्यटन प्रवद्र्धनको अभियानमा थप ऊर्जा र प्रेरणा प्राप्त भएको बताए । उनले धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्त्व बोकेको पाथीभरा क्षेत्रको संरक्षण, व्यवस्थापन र प्रचारप्रसारमा निरन्तर लागिरहने बताउँदै बिहिवार समितिलाई सम्मान गर्नुहुनेप्रति धन्यवाद यक्त गरे ।रासस

# शिक्षा विधेयकलाई प्राथमिकताका साथ पारित गर्नुपर्ने संसद्को दायित्वः सभामुख घिमिरे

**काठमाडौँ,**
सभामुख देवराज घिमिरेले विद्यालय शिक्षा विधेयकलाई प्राथमिकताका साथ पारित गर्नुपर्ने दायित्व संसद्को रहेको बताएका छन ।

बिहिवार विभिन्न राजनीतिक दलका प्रमुख सचेतकहरूसँग समसामयिक राजनीतिक विषयमा छलफल गर्न आयोजना गरिएको बैठकमा सभामुख घिमिरेले सामुदायिक विद्यालयका शिक्षकहरू शिक्षा ेऐन जारी गर्नुपर्ने माग राख्दै आन्दोलन गरिरहेको अवस्थामा संसद् सञ्चालन भएसँगै शिक्षा विधेयकलाई प्राथमिकताका साथ पारित गर्नुपर्ने बताए ।

'संसद्लाई सरकारको नीति तथा कार्यक्रम, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको व्यवस्थाबमोजिम बजेटमाथिको छलफलको चाप परेको छ', सभामुख घिमिरेले भने, 'विद्यालय शिक्षा विधेयकलाई पनि प्राथमिकताका साथ पारित गर्नुपर्ने दायित्व संसद्को हो । शिक्षकहरूले ऐन नलिई जान्न भन्नुभएको छ, उहाँले मलाई पनि भेटेर पहल गरिदिन भन्नुभएको छ ।'

बैठकमा सभामुख घिमिरेले पूर्वबजेट छलफल, नीति तथा कार्यक्रम, बजेट र विद्यालय शिक्षा विधेयकको चापका कारण शनिबार र सार्वजनिक बिदाका दिनबाहेक सबै दिन संसद् सञ्चालन गर्ने प्रस्ताव गर्नुभयो । बैठकले उक्त प्रस्ताव अनुमोदन गरेको छ । सोहीबमोजिमको तालिकाबारे यही वैशाख १२ गते बस्ने कार्यव्यवस्था परामर्श समितिको बैठकमा पेस हुनेछ । उपसमितिले यही वैशाख २३ सम्मको समयावधिभित्र प्रतिवेदन बुझाउने प्रतिबद्धता जनाएको अवस्थामा यसलाई प्राथमिकता दिनेगरी संसद्ले तयारी गरेको जनाउँदै सभामुख घिमिरेले जुनसुकै दिन विधेयक संसद्मा प्रस्तुत गर्नेगरी तालिका सुरक्षित गर्ने उल्लेख गरे ।

'उपसमितिको प्रतिवेदन आएलगत्तै संसद्ले पारित गर्ने प्रक्रिया सुरु गर्छ । निजामती विधेयक पनि समितिबाट आउने अवस्थामा छ । नीति तथा कार्यक्रम र बजेटका प्राविधिक सीमालाई ध्यान दिँदै शिक्षा, निजामतीलगायत विधेयक यही अधिवेशनमा पारित गर्न तयारी अवस्थामा रहनुपर्दछ', उनले भने ।रासस

# भानुमा प्रत्येक शनिबार हाटबजार सञ्चालन हुने

**तनहुँ ।**
जिल्लाको भानु नगरपालिकाले यही वैशाख १३ गतेदेखि प्रत्येक साताको शनिबार हाटबजार सञ्चालन गर्न लागेको छ । 'कृषि उत्पादन बढाऔँ, आत्मनिर्भर बनौँ, अर्गानिक उत्पादनमा जोड दिऔँ' भन्ने नाराका साथ कृषक तथा उपभोक्तालाई लक्षित गर्दै हाटबजार सञ्चालन गर्न लागिएको हो ।
हाटबजार बिहान ६ बजेदेखि ११ बजेसम्म सञ्चालन हुनेछ । भानु–२ नारेश्वरटारमा रहेको बिक्री केन्द्रमा आ–आफ्नो उत्पादन बिक्रीका लागि ल्याउन कृषि तथा पशुपंक्षी शाखाले सबैलाई अनुरोध गरेको छ ।
नगरले सञ्चालन गर्न लागेको हाटबजारले कृषकलाई उत्पादनमा प्रोत्साहन गर्नुका साथै स्थानीय उत्पादनको प्रवद्र्धन गर्दै आयआर्जन वृद्धि गर्ने अपेक्षा लिइएको नगरप्रमुख आनन्दराज त्रिपाठीले बताए । उनले भन, 'हाटबजारले कृषक र उपभोक्ताबीच पुलको काम गर्ने विश्वास लिएका छौँ, उपभोक्ताले रोजेको र चाहेको कृषिउपज सहज रूपमा खरिद गर्न सक्नेछन् ।' आवश्यकता अनुसार निश्चित अन्तरालमा हाटबजारलाई निरन्तरता दिने योजना बनाएको उनको भनाइ छ ।कृषि उत्पादनको बजारीकरण, मूल्य स्थिरता तथा उपभोक्तालाई सहज पहुँचमासहित गुणस्तरीय सामग्री उपलब्ध गराउने उद्देश्य राखेर हाटबजार सञ्चालन गर्न लागिएको नगर उपप्रमुख उमा गोतामेले जानकारी दिए ।
सम्पूर्ण किसान, उपभोक्ता, व्यवसायी तथा सरोकार भएकालाई हाटबजारको भरपूर उपयोग गर्न, यसलाई थप व्यवस्थित बनाउँदै दीर्घकालीन रूपमा सञ्चालन गर्न आवश्यक सहयोग र सहकार्यका लागि कृषि तथा पशुपंक्षी शाखाले अनुरोध गरेको छ ।
यसैबीच, नगरपालिकाले उक्त स्थानमा हाटबजार सञ्चालनमा ल्याएपछि उपलब्धिमूलक भएमा भानु–९ को बाइसजँगारमा पनि हाटबजार सञ्चालन गर्ने तयारी गरेको छ । रासस

# उखुको रस बेचेर मासिक ९० हजार आम्दानी



**सुनसरी ।**
इटहरी उपमहानगरपालिका–६ का सरोज गौतमले ११ वर्षदेखि उखुको जुस बनाउने व्यापार गर्दै आएका छन । उनको गर्मी मौसममा मासिक ९० हजार रुपैयाँ सम्म आम्दानी हुने गरेको छ ।
बढिरहेको चर्को गर्मी अनि सडक छेउमा राखिएको उखु जुसको कक्ष (स्टल) त्यस स्टलभित्र राखिएको प्रेस उपकरण, त्यही उपकरणले पेलेर दिएको मिठो जुस यात्रीका लागि शीतलता दिनुका साथै व्यापारीको आम्दानी पनि बढाएको छ ।
गौतम सात वर्ष मलेसियामा सुरक्षा गार्डका रूपमा काम गरेर स्वदेश फर्केपछि इटहरी घर नजिकै एउटा गल्लीमा उखुको जुस बनाउने व्यापार सुरु गरे । उनले ११ वर्षदेखि यही पेसा गर्दै आएको भन्दै गर्मी समयमा मासिक ९० हजार रुपैयाँ सम्म आम्दानी हुने जानकारी दिए । उनका अनुसार सबै खर्च कटाएर मासिक ४० हजार रुपैयाँ बचत हुने गरेको छ ।
गौतमले भने, 'उखुको जुस बेचेर छोराछोरी पढाउनुका साथै सबै घरखर्च पुगेको छ । विदेशमा तातो घाममा दुःख गर्नुभन्दा स्वदेशमै सानै भए पनि आफ्नो व्यवसाय सञ्चालन गर्नु उपयुक्त हुन्छ ।'
सुरुमा टेम्पो चलाए पनि आम्दानी नभएपछि ७० हजार रुपैयाँ मा जुस बनाउने उपकरण किनेर व्यवसाय सुरु गरेको उनको भनाइ छ । 'जुस बनाउने उखु सहजै उपलब्ध हुन्छ, समस्या छैन । आफैँले बराहक्षेत्रमा करिब एक बिघा जग्गा भाडामा लिएर उखुखेती गरेको छु । अपुग भएमा अन्य किसानसँग किन्ने गर्दछु', उनले भने ।
उखुको जुस स्वादका लागि मात्र नभएर स्वास्थ्यका लागि पनि उपयुक्त हुने इटहरीका अस्मिता श्रेष्ठले बताए । 'गर्मीमा बाहिर पसलमा राखिएका तयारी जुस पिउनुभन्दा यहाँको ताजा र स्वादिलो जुस पिउँदा स्वास्थ्यका लागि पनि लाभदायी हुन्छ', उनले भने ।
गौतमजस्तै धरान उपमहानगरपालिका–५ का दीपक श्रेष्ठ १० वर्ष कतार र चार वर्ष इरानमा काम गरेर स्वदेश फर्किए । उनले अहिले धरानका गल्लीगल्लीमा आफ्नो व्यवसायलाई विस्तार गरेका छन । यही पेसाबाट जीविकोपार्जन भइरहेको उनले बताए ।
'सुरुमा धेरै चुनौती र समस्याहरु भए पनि अहिले यो व्यवसायले सन्तुष्टि दिएको छ । अहिले मसँग सामूहिक रूपमा काम गर्ने दुई जना साथी पनि जोेडिनुभएको छ । हामीले सामूहिक रूपमा धरान, इटहरीलगायत विभिन्न ठाउँमा उखुको जुसको कक्ष राखेका छौँ', क्षेष्ठले भने ।
सानो लगानी भए पनि जुसका लागि उखु खरिद, उपकरण, बजारको प्रतिस्पर्धी वातावरणसँग जुध्नुपर्ने भएकाले सुरुआतमा चुनौतीपूर्ण रहेको उनले सुनाए । उनले भने, 'सुरुमा ग्राहक आउनुहुँदैनथ्यो । गल्लीहरू र घरघरमा गएर जुस खाइदिनुप¥यो भन्दै बेचेर हिँड्यौं । अहिले भने ग्राहकले फोन गरेर जुसको कक्ष खोज्दै आउनुहुन्छ ।'
श्रेष्ठको स्टलमा १० वर्षदेखि एक जनाले रोजगारी समेत पाउएका छन । झापामा तीन बिघा जग्गामा उखुखेती गरेको बताउँदै उनले खेतीमा सहजीकरण गर्न थप दुई जनालाई रोजगारी दिएको जानकारी दिए ।
'आफ्नो व्यवसायसँगै अरुलाई रोजगार दिन सक्दा गर्व महसुस हुन्छ । सानो लगानीबाट सुरु गरेको व्यवसायबाट अहिले मनग्ये आम्दानी भइरहेको छ । व्यापार सधैँ एकनासको हुँदैन तर सन्तोषजनक छ । सबै कर्मचारीलाई तलब, छोराछोरी पढाउने, घर खर्च पुगेर ७० हजार रुपैया बचत हुन्छ', उनले भने ।
श्रेष्ठले आफ्नो जुस व्यवसायलाई व्यापारका रूपमा मात्र नलिएर स्वास्थ्य र वातावरणका लागि प्रभावकारी विकल्पका रूपमा लिएको बताए । 'तयारी जुसमा स्वास्थ्यलाई असर गर्ने अनावश्यक केमिकलहरू हुन्छन् । हामीले बनाउँदा उखु, बिरे नुन, पुदिना, कागती र घरमा बनाइएका बरफ प्रयोग गर्छौं ।
जुस प्रतिगिलास ५० रुपैयाँ मा बिक्री हुन्छ,' उनले भने ।
जाडो मौसममा अरुको घरमा काम गरे पनि गर्मीको समयमा उखुको जुसको व्यवसायले जीविकोपार्जन हुने गरेको इटहरी–२० का अमिर खड्काले बताए । उनले भने, 'जाडो मौसममा अरुको ज्यालामजदुरी गरे पनि माघ अन्तिमदेखि भदौसम्म जुसको व्यवसाय गर्दै आएको छु ।' उनका अनुसार माघदेखि भदौसम्म मासिक रूपमा ६० देखि रुपैया ७० हजार रुपैयाँ सम्म आम्दानी हुन्छ ।
गर्मीको समय सुरु भएसँगै धरान, इटहरीलगायत बजार क्षेत्रमा उखुको जुस बिक्री गर्ने सयौँ व्यवसायी छन् । कम लगानीमा मनग्ये आम्दानी हुने भएकाले यो व्यवसायप्रति धेरैको आकर्षण बढ्दै गएको हो ।रासस

# पुटिनले ओमानका सुल्तानसँग राखे अमेरिका–इरानबिच वार्ताको चासो



**मस्को ।**
रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले ओमानका नेता सुल्तान हैथम बिन तारिक अल सइदसँग इरानको आणविक कार्यक्रमबारे छलफल गरेका छन ।क्रेमलिनका अनुसार इरान–अमेरिका आणविक वार्ताको छेउमा कूटनीतिक पहल तीव्र गतिमा जारी राखिएको छ ।
ओमानले इरान र संयुक्त राज्य अमेरिका बीच अहिले मध्यस्थता गर्दै आईरहेको बेला उसले रूसी राष्ट्रपति भ्लादिमर पुटिनसँग पनि छलफल गरेको हो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको आणविक कार्यक्रमलाई रोक्नका लागि सम्झौता गर्न खोजिरहेका छन, जुन वाशिंगटनले परमाणु हतियार विकास गर्ने उद्देश्य हो भन्ने शंका गर्दछ । तर, अमेरिकाले लगाएको सो आरोपको भने सदैव इरानले अस्वीकार गर्दै आएको छ ।
क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले मंगलबार क्रेमलिनमा एक ब्रीफिङमा पत्रकारहरूलाई भने, 'यो विषयलाई ओमानले मध्यस्थता प्रयासको सन्दर्भमा गरेको छ, यसमा क्रेमलिनको पनि चासो रहेको छ ।' क्रेमलिनका विदेश नीति सहयोगी युरी उशाकोभले पनि दुवै पक्षले इरानी र अमेरिकी प्रतिनिधिहरू बीचको वार्ताको प्रगतिबारे छलफल गरेको उल्लेख गरेका छन ।
'हामी हेर्नेछौं कि नतिजा के आउँछ। हामी हाम्रा इरानी सहकर्मीहरूसँग नजिकको सम्पर्क राख्छौं। हामी जहाँ सक्छौं, हामी मद्दत गर्छौं,' उशाकोभले ओमानका बिदेश मन्त्रीसँगको भेट पछि छोटो प्रतिक्रियामा भने ।ट्रम्पले अमेरिकासँग नयाँ सम्झौता नगरेमा इरानमा बमबारी गर्ने धम्की दिएका छन् । तर, जवाफमा इरानले भने बमबारीको धम्कीमा कुनै पनि सम्झौता हुन नसक्ने बताइसकेको छ ।
खासमा रुसले जनवरीमा इरानसँग रणनीतिक साझेदारी सन्धि गरेको थियो । पछिल्लो समयमा ट्रम्प प्रशासनसँग पनि सम्बन्ध सुधार्ने प्रयासमा मस्को लागिरहेको बेला यो भेट भएको हो, जसलाई निकै अर्थपुर्ण रूपले हेरिएको छ ।
सन २०१५ को अघिल्लो ऐतिहासिक आणविक सम्झौतामा हस्ताक्षरकर्ताको रूपमा इरानसँगको आणविक वार्तामा सहयोगी भएको मस्कोको भूमिका खोजेको छ, जुन ट्रम्पले २०१८ मा अमेरिकी राष्ट्रपतिको रूपमा आफ्नो पहिलो कार्यकालमा त्यागेका थिए । र, अमेरिकाले इरान माथी धेरै खाले प्रतिबन्ध पनि लगाएको अवस्था छ ।
पुनः निर्वाचित भए पछि ट्रम्पले इरान माथी धावा बोलेका छन् तर रुसले भने इरानविरुद्ध कुनै पनि अमेरिकी सैन्य कारबाही अवैध हुने चेतावनीसमेत दिइसकेको छ ।त्यसो त रूसी र ओमानी टेलिभिजनहरूमा भने पुटिन र सुल्तानका बिचमा रुसी ऊर्जा कम्पनीहरू ओमानसँग सम्बन्ध विकास गर्न चासो राखेको देखाइएको उल्लेख गरेका छन् । एजेन्सी

# लेकतर्फ लाग्दै भेडाका बथान



**लमजुङ ।**
बेँसी आइपुगेर घुम्ती भेडीगोठमा रहेका भेडाका बथान यतिबेला चरणका लागि लेक तथा हिमाली भेगतर्फ जान थालेका छन् । चिसो मौसम सुरु भएसँगै चरणमा समस्या आउन थालेपछि बेँसी झेरका भेडाका बथान गर्मी सुरु भएसँगै लेक तथा हिमाली भेगतर्फ जान थालेका हुन् ।
जिल्लाका घुम्ती गोठका गोठालाहरूले आ–आफ्ना भेडाका बथान यतिबेला लेक तथा उच्च खर्कतिर लैजान थालेका यहाँस्थित पशु सेवा विज्ञ केन्द्रका निमित्त कार्यालय प्रमुख डा सुनिल न्यौपानेले बताए । जिल्लामा सानाठूला गरेर तीन सय भन्दा बढी घुम्ती भेडीगोठ रहेका जनाउँदै ती बेँसीबाट लेक जान थालेका उनले बताए ।
कार्यालयका अनुसार भुजुङ, सिउरुङ, घलेगाउँ, पसगाउँ, सिङ्दी, घनपोखरा, इलमपोखरी, दूधपोखरी, पाचोक, बन्सार, फलेनी, ढोडेनी, ताघ्रिङ, भुलभुलेलगायत ग्रामीण क्षेत्रमा भेडीगोठ छन् । हिमाली भेगहरूबाट चिसो छल्न बेँसी झेरेका भेडीगोठ पुनः लेकतिर पुग्न थालेका छन् । विशेष गरी गुरुङ समुदायको पुर्खौली चलन तथा पेसाका रूपमा भेडीगोठलाई हेरिन्छ ।
भेडी गोठाला कमल अधिकारीले भने, 'चिसो मौसममा बेँसी झारिएका भेडी गोठ पुनः लेकतर्फ लैजान थालेका छौँ । केही समयमा हिमालको काखमा रहेको ठूले लेकमा पुग्ने छौँ ।' उहाँले गर्मी यामको छ महिना लेक र चिसो यामको छ महिना बेँसीमा भेडीगोठ राख्ने गरिएको जानकारी दिए ।
लमजुङ दोर्दी गाउँपालिका–५ सिम्रुङका ५२ वर्षीय भेडी गोठाला दुरजङ गुरुङले चिसो छल्न बेँसी झारेका भेडीगोठ फागुन लागेसँगै लेकतर्फ लगेको भन्दै यतिबेला लमजुङ र गोरखाको सिमना चेपेखोलाको शिरमा पुगेका जानकारी दिए । बेँसीबाट भेडाबाख्रा चराउँदै श्रीमञ्जाङबाट ओखरी, साल्मे, सिम्रुङ हुँदै लेपेखर्कतर्फ लागेका छन् । उनका अनुसार भेडी गोठमा सानाठूला भेडा तथा बाख्रा गरेर आठ सयभन्दा बढी छन् । चिसो छल्न गाउँ आइपुगेका पसगाउँको भेडीगोठका बथान यतिबेला क्युबे–ल्हेदेतर्फ पुग्न थालेका स्थानीयको भनाइ छ ।जिल्लाको उत्तरी ताघ्रिङका भेडीगोठ यतिबेला थुर्जुलेक खर्कतिर पुग्न थालेको छन् । लमजुङका भेडीगोठहरू लमजुङ, मनाङ र कास्कीको सिमाना दुधपोखरी नजिकै थुर्जु तथा लमजुङ हिमालको काखलगायत ठाउँसम्म पुग्ने गरेका भेडीगोठाला बताउँछन् ।
बेँसीमा रहेको बेलामा भेडीगोठबाट निस्किएको मल खेतबारीमा प्रयोग हुने बताउँदै पशु सेवा विज्ञ केन्द्रका निमित्त प्रमुख डा न्यौपानेले भेडाको ऊन निकालेर राडीपाखी, बख्खुलगायत सामग्री बनाइने जानकारी दिए । उनका अनुसार जिल्लाभर २३ हजार भेडाबाख्रा छन् ।
वार्षिक १० हजार किलो ऊन निस्कने र ऊन प्रतिकिलो रु तीन सयमा बिक्री हुने न्यौपानेले जानकारी दिए । वार्षिक एक सय ६० मेट्रिक टन भेडाको मासु उत्पादन हुन्छ । मासु बिक्रीबाट आठ करोड रुपैयाँ आम्दानी हुने गरेको केन्द्रले जनाएको छ ।
वार्षिक घुम्ती भेडीगोठमा रहेका बाख्राको मासु एक सय २० मेट्रिक टन तथा घुम्ती र घरमा पालिएका बाख्रा गरी वार्षिक एक हजार २०० मेट्रिक टन मासु उत्पादन हुँदा ६० करोड रुपैयाँ आम्दानी हुँदै आएको केन्द्रका निमित्त प्रमुख डा न्यौपानेले जानकारी दिए ।
जिल्लामा वार्षिक ६० करोड रुपैयाँ आम्दानी हुँदै आए पनि पछिल्लो पुस्ताले बेवास्ता गर्दा परम्परागत रूपमा रहेको भेडीगोठ लोप हुने अवस्थामा पुग्न थालेको स्थानीय ज्येष्ठ नागरिक बताउँछन् । जिल्लामा अधिकांश गुरुङ समुदायका बस्तीमा अझै पनि भेडाको ऊनबाट विभिन्न सामग्री बनाएर बिक्री गर्ने तथा प्रयोग गर्ने प्रचलन कायम छ । यो पेसा विशेष गरी अग्रज पुस्तामा मात्र सीमित हुँदा परम्परागत परम्परा लोप हुने अवस्थामा पुगे उनीहरूको गुनासो छ । यहाँ उत्पादित भेडाको ऊन र ऊनबाट बनाइएका विभिन्न सामग्रीको बजारमा उच्च माग रहेको छ ।रासस

# तेक्वान्दो टोली जापान जाँदै



**काठमाडौँ ।**
अन्तरराष्ट्रिय तेक्वान्दो च्याम्पियनसिपको २१ औँ संस्करणमा सहभागी हुन पाँच खेलाडीसहित सात सदस्यीय नेपाली टोली बिहिवार जापानको ओसाका प्रस्थान गर्दैछ ।
यही वैशाख १२ देखि १४ गतेसम्म हुने प्रतियोगितामा खेलाडीले ग्योरोगी र पुम्से स्पर्धामा प्रतिस्पर्धा गर्ने छन् । हृदयणी बस्नेतले ३० केजीमुनि, जोलिना बस्नेतले ३४ केजीमुनि, सोहन पाठकले २४ केजीमुनि तथा यु–१२ एकल पुम्सेमा सक्षम श्रेष्ठ र यु–१४ एकल पुम्सेमा आश्रय उपाध्यायले प्रतिस्पर्धा गर्नेछन् ।
प्रशिक्षकमा सरोज तामाङ रहेका छन् । तेह्रौँ दक्षिण एसियाली खेलकुद (साग) की स्वर्ण विजेता काजल श्रेष्ठले प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गर्ने छिन् । काजलले यसै प्रतियोगिताको २० औँ संस्करणमा पनि निर्णायकको भूमिका निर्वाह गरेकी थिइन् ।
टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) कार्यकारी समितिका सदस्य भानबहादुर चन्द, राखेपकी सदस्य नन्दा बस्याललगायतले एक कार्यक्रमबीच खेलाडीलाई सफलताको शुभकामना दिँदै बिदाइ गरेका छन् । रासस

# सङ्घीयतामा बल्झँदैछ प्राकृतिक स्रोतमाथिको द्वन्द्व

**प्रगति ढकाल**

२०८१ जेठमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ललितपुरको गोदावरी नगरपालिका प्रमुख गजेन्द्र महर्जनसहित १४ जना विरुद्ध एक अर्ब चार करोड रुपैयाँ राजस्व हिनामिना गरेको आरोपमा मुद्दा दायर गर्यो । उनीहरुमाथि नगरपालिकाभित्रको ढुङ्गाखानी र गिट्टी बालुवा निकासीमा कर लगाएर राजस्व हिनामिना गरेको आरोप थियो । तर मुद्दा दायर भएको तीन महिनापछि विशेष अदालतले प्रमुख महर्जन निर्दोष भएको फैसला गर्यो ।

गोदावरी नगरपालिकाले बागमती प्रदेशको आर्थिक ऐनको व्यवस्थासँग बाँझिने गरी आफ्नो आर्थिक ऐनमा प्रदेश सरकारले तोकेको करको दरभन्दा कम राजस्व तोकेर भ्रष्टाचार गरेको आरोप अख्तियार लगाएको थियो । प्रतिवादी बनाइएका स्थानीय सरकार प्रमुख महर्जन र उपप्रमुख मुना अधिकारीसहितका जनप्रतिनिधिलाई प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ (ख) अन्तर्गतको कसुर गरेको आधारमा सजायको माग दाबीसहित अख्तियारले आरोपपत्र दायर गरेको थियो ।

विशेष अदालतले गोदावरी नगरपालिकाले प्रत्येक आर्थिक वर्षमा आर्थिक ऐन पारित गरी प्राकृतिक स्रोततबाट प्राप्त हुने वस्तु निकासीसम्बन्धी करको दर तोकेकोमा विवाद नभएको व्याख्या गर्यो । एकात्मक शासन प्रणाली अवलम्बन गरेको नेपालले २०७२ सालमा सङ्घीय संरचना अनुरुपको संविधान जारी भएपछि केन्द्र, प्रदेश र स्थानीय सरकारको व्यवस्था अपनाएको छ ।

तीन वटै तहले संविधानले निर्धारित गरेअनुसार तोकिएको कार्यक्षेत्रमा कर निर्धारणलगायतका अधिकारको अभ्यास गरिरहेका छन । त्यसयता प्राकृतिक स्रोतसाधनमाथिको अधिकारबारे विवादको शृंखला जारी नै छ । गोदावरी नगरपालिकाको कर विवाद देखिएको एउटा उदाहरण घटना मात्रै हो । गोदावरीमा देखिएको विवादले तीन तहका सरकारका बीचमा प्राकृतिक स्रोत साधनको सङ्कलन र उपयोगमा लगाइने करको विषयमा सुरु भएको विवाद चर्किरहेको देखाउँछ । नेपालको संविधान २०७२ को धारा २२१ ले स्थानीय तहलाई व्यवस्थापकीय अधिकार प्रदान गरेको छ । 'धारा २२६ अनुसार निकासी कर जस्ता शुल्कसम्म लगाउन सक्ने तर सो सम्पत्तिको बिक्री गर्न नगरपालिकाले नपाउने हुँदा नगरपालिकाले कानूनद्वारा तोकिएको निकासी शुल्क लिनु भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ (ख) को कसूर हुने देखिँदैन,' विवादबारे विशेष अदालतले फैसलामा भनेको छ ।

फैसलामा अगाडि भनिएको छ, 'उपर्युक्त तथ्य आधार, कारण र प्रमाणको रोहमा प्रतिवादीहरु उपर लगाइएको आरोप दाबी पुष्टि नभएको तर्क गरिएको छ । तर हुन आएन । जबकी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ (च) मा ढुङ्गागिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, दरीढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउँपालिकाले वा नगरपालिकाले सङ्कलन गर्ने व्यवस्था गरिएको छ ।'

अदालतको व्याख्याअनुसार स्थानीय सरकार सञ्चालन ऐन संविधानसँग बाँझिएकाले गोदावरी नगरपालिकाका प्रमुख, उपप्रमुख र कर्मचारी विरुद्ध प्राकृतिक साधनस्रोतको दुरुपयोगसम्बन्धी मुद्दामा कारबाही भएन । सङ्घीय शासन व्यवस्था अवलम्बन भएपछि बागमती प्रदेश र गोदावारी नगरपालिकाबीच करको विषयमा देखिएको यो विवादले प्राकृतिक स्रोत परिचालनमा देखिएको विवाद रहेको देखिन्छ ।

सबै स्थानीय तहले कर लगाएपछि कोभन्दा को कम भन्दै तीन तहका सरकारको बीचमा उत्पन्न बेलाबेलामा यसप्रकारका विवाद बल्झिरहेका छ । व्यापार, व्यवसाय र प्रशासनिक क्षेत्रजस्तै प्राकृतिक साधनस्रोतको करको विषयमा पनि विवाद भइरहेको छ । सामुदायिक वन उपाभोक्ता समूह महासङ्घ (फेकोफन) देशमा सङ्घीयता लागू भएपछि सामुदायिक वन क्षेत्रमा तेहोरो कर लगाइएको विरोधमा आन्दोलन गरिरहेको छ । करसम्बन्धी राज्यको स्पष्ट नीति नहुँदा सङ्घ, प्रदेश र स्थानीय तहलाई कर तिर्नुपरेको भन्दै सामुदायिक वन उपभोक्ता समूह मारमा परेको फकोफनको भनाइ छ । महासङ्घले तेहोरो कर हटाउन देशभरले विरोध सभा गरिरहेको छ ।

हालको सामुदायिक वन करसम्बन्धी व्यवस्थाअनुसार प्रदेश सरकारहरूले सामुदायिक वन उपभोक्ता समितिबाट सङ्कलित वन पैदावारमा कर लगाउने नीति अपनाएका छन् । सामुदायिक वनभित्रका वन पैदावार बाहिर बिक्री गर्दा मधेश प्रदेशमा १५ प्रतिशत, बागमती प्रदेशमा १० प्रतिशत, गण्डकी प्रदेशमा बाह्य बिक्रीमा ३० प्रतिशत, लुम्बिनी प्रदेशमा २५ प्रतिशत, कर्णाली प्रदेशमा १५ प्रतिशत, सूदुरपश्चिम प्रदेशमा २५ प्रतिशतसम्म कर निर्धारण गरिएको छ ।

कोशी प्रदेशमा भने अहिलेसम्म करको दर नतोकिएको कोशी प्रदेशअन्तर्गत पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव विशाल घिमिरेले जानकारी दिनुभयो । 'कोशी प्रदेश सरकारलाई अहिलेसम्म सामुदायिक वनले कर बुझाउनुपर्दैन । अब आर्थिक ऐन आउँदैछ, त्यसमा केही व्यवस्था भने हुनसक्छ,' उनले भने ।

तीन तहकै सरकारले कर लगाएका कारण सामुदायिक वन उपभोक्ताहरूमा आर्थिक भार थपिएको भन्दै महासङ्घले आपत्ति जनाउँदै आएको थियो । सर्वोच्च अदालतले २०८० फागुनमा अन्तरिम आदेश जारी गर्दै प्रदेश सरकारलाई सामुदायिक वन पैदावारमा कर सङ्कलन नगर्न निर्देशन दिएको छ । त्यसपछि गण्डकी प्रदेश सरकारले वन पैदावरमा ३० प्रतिशत कर लगाएपछि त्यसको विरुद्धमा सामुदायिक वन उपभोक्ता महासङ्घ गण्डकी प्रदेश खारेजीको मागसहित सर्वोच्च अदालतमा पुगेको थियो । वन पैदावर सामग्रीमा लगाएको ३० प्रतिशत कर तत्काल लागू नगर्न गण्डकी प्रदेश सरकारलाई सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको थियो ।

प्रदेशहरुले आफू खुसी कर निर्धारण गरेपछि सामुदायिक वन उपभोक्ताहरु मारमा परेको भन्दै बढी कर उठाउने प्रावधानको विरुद्ध सङ्घर्ष अझै जारी रहेको फेकोफनका अध्यक्ष ठाकुर भण्डारीको भनाइ छ । तेहोरो करको विषयमा फेकोफनले निरन्तर आन्दोलन गरिरहने अध्यक्ष भण्डारीले बताउनुभयो । फेकोफनले सामुदायिक वनलाई स्थानीय सरकार सञ्चालन ऐनले तोकेको न्यूनतम कर १० प्रतिशत मात्रै लगाउनुपर्नेमा जोड दिँदै आएको छ । 'स्थानीय सरकारले १० प्रतिशत र प्रदेश सरकारकाले २० देखि ३५ प्रतिशतसम्म सामुदायिक वनबाट कर लिएको छ । अनि केन्द्रीय सरकारले सञ्चित कोषको २५ प्रतिशतसम्म कर लिन्छ,' उनले भने, 'खासमा सामुदायिक वनले कर तिर्नुपर्दैन । किनकी सामुदायिक वन समूह गैरनाफामूलक सङ्गठन हो र यसले सामुदायिक हितमा काम गरिरहेको छ । तर हामी न्यूनतम कर (१० प्रतिशत) कर तिर्न तयार छौँ ।'

बागमती प्रदेश सांसद तथा सामुदायिक वन अभियन्ता भारती पाठकले सङ्घ, प्रदेश र स्थानीय तीन वटै सरकारबीच छलफल र समन्वय गरेर एकद्वार प्रणालीबाट कर सङ्कलन गर्दा पछिल्लो समय देखिएको करको विवाद समाधान हुनसक्ने सुझाव दिनुहुन्छ । 'कर सङ्कलनको प्रक्रिया तथा प्राकृतिक स्रोतको बाँडफाँट न्यायोचित छैन । यस विषयमा गम्भीर छलफल जरुरी छ,' उनले भने, 'सङ्घीयतामा प्राकृतिक स्रोत व्यवस्थापन तथा कर सङ्कलन र बाँझिएका ऐनको विषयमा अझै गम्भीर रुपमा छलफलबाट समाधान निकाल्नुपर्छ ।'

खानी र वनको जस्तै प्राकृतिक स्रोतसाधनको रुपमा रहेको अर्को क्षेत्र खानेपानी हो । खानेपानीको स्रोत परिचालनमा तीन तहकै सरकार बीचमा द्वन्द्व देखिन्छ । खानेपानी परियोजना सञ्चालन भएको ठाउँमा स्थानीयले केन्द्र सरकारसँग रोयल्टी माग गरेपछि उनीहरु बीचको द्वन्द्व सतहमा देखिएको छ ।

उदाहरणका लागि मेलम्ची खानेपानी परियोजनाबाट भएको आम्दानीको हिस्सा स्थानीय तहलाई नदिए सेवा अवरुद्ध गर्ने स्थानीय सरकारको चेतावनी छ । मेलम्चीको खानेपानी आयोजनाको पानी काठमाडौँमा महसुल लिएर वितरण गरिने भएकाले प्रभावित क्षेत्रले रोयल्टी पाउनुपर्ने माग राख्दै सिन्धुपाल्चोकका जनप्रतिनिधिले सङ्घर्ष समिति गठन गरेका छन् । मेलम्ची खानेपानी परियोजनाको प्रभावित क्षेत्रको सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन ह्योल्मोले मेलम्ची खानेपानी बिक्रीबाट आएको रकममध्ये २५ प्रतिशत स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने माग राखेका छन् ।

अहिलेसम्म हेलम्बु गाउँपालिकाले उठाएको माग सुनुवाइ भएको छैन । 'मेलम्चीको पानी



काठमाडौँसम्म जाँदा काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयूकेयल)ले उपभोक्तालाई निःशुल्क वितरण गर्दैन । उसले पानी बेचेर कमाएको आम्दानीमध्ये हामीले २५ प्रतिशत रोयल्टी माग गर्दै आएका छौँ,' उनले भने, 'यदि हाम्रो माग पूरा भएन भने त्यसपछि मेलम्ची खानेपानी उपत्यकामा पठाउने क्रममा अवरोध सिर्जना हुने छ । आगामी वर्षापछि मेलम्ची बन्द हुन्छ ।'

ह्योल्मोले स्थानीय तहको विकास, पानीको मुहान संरक्षण, विपद् व्यवस्थापन लगायतका कार्यक्रमलाई स्रोत व्यवस्थापनका लागि लाभको २५ प्रतिशत माग गरिएको स्पष्ट पारे । विसं २०७६ सालमा कालीगण्डकी–तिनाउ डाइभर्सन आयोजनाको विषयमा निस्किएको विवादले पनि चर्चा कमायो । कालीगण्डकी नदी किनार आसपासमा बसोबास गर्ने स्याङ्जा, पाल्पा र तनहुँका स्थानीय बासिन्दा र स्थानीय तहले आपत्ति जनाएका थिए । गण्डकी प्रदेशको सहमतिविना डाइभर्सन आयोजना अगाडि बढाइएको भन्दै प्रदेशका तात्कालिन मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले नै विरोध जनाएका थिए । सङ्घीय सरकारले कालीगण्डकी नदीको पानी सुरुङमार्फत तिनाउ नदीमा झारेर प्रदेश–५ का रूपन्देही, कपिलवस्तु र नवलपरासीमा सिँचाइ सुविधा पुर्याउने उद्देश्यसहित विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) बनाएपछि विरोध भएको थियो ।

सरकारले उक्त बहुउद्देश्यीय आयोजना घोषणा गरेपछि सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भयो । तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराको इजलासले २०७८ असार २९ मा आयोजना कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएपछि काम अघि बढ्न सकेको थिएन । तर गत २०८१ कात्तिक ११ मा सर्वोच्च अदालतले रिट निवेदन खारेज गरेको छ । सर्वोच्च अदालतले प्रारम्भिक चरणमै वातावरणीय क्षति आकलन गर्न हतार हुने भन्दै रिट निवेदनहरू खारेज गरेको हो ।

अदालतले वातावरणीय मूल्याङ्कन, नदीजन्य स्रोतको दीगो उपयोग र कालीगण्डकीमा फोहर बिसर्जन रोक्न, वातावरणीय दृष्टिले सचेत रहन, कालीगण्डकीमा न्यूनतम २० प्रतिशत पानी छाड्न, स्रोतसाधनको दीगो उपयोग गर्न र नदीमा फोहर बिसर्जन रोक्न निर्देशन दिएको छ । तीन वर्षअघि पनि लुम्बिनी प्रदेशमा वन क्षेत्रबीच प्रदेश र स्थानीय तहबीच भएको विवादलाई अधिकारको अर्को सङ्घर्षको उदाहरणको रुपमा लिन सकिन्छ । रुपन्देहीको देवदह नगरपालिकाले आफ्नो क्षेत्रभित्रका नदी र खोलामा नदीजन्य वस्तु उत्खननका लागि ठेक्का प्रक्रिया अगाडि बढाउँदा प्रदेश सरकारअन्तर्गत रहेको डिभिजन वन कार्यालय रुपन्देहीले वन क्षेत्रमा पर्ने खोलामा नगरपालिकाले ठेक्का लगाउन नपाउने भन्दै रोकेपछि विवाद उत्पन्न भएको थियो । नगरप्रमुख धुव्रप्रसाद खरेलले अहिले भने कुनै पनि किसिमको विवाद नरहेको बताउँछन् ।

मधेश प्रदेशमा पर्ने सागरनाथ वन विकास परियोजना सञ्चालनको विवाद अदालतसम्म पुगेको छ । नेपाल सरकारको वनसम्बन्धी महत्वपूर्ण परियोजनाअन्तर्गत वन क्षेत्रको संरक्षण, पुनःस्थापना र व्यवस्थापन गर्दै वातावरणीय सन्तुलन कायम गर्नु तथा स्थानीय जनतालाई रोजगारी र स्रोत साधनको पहुँच उपलब्ध गराउने लक्ष्यले सञ्चालन भएको सागरनाथ वन परियोजना प्रदेश वा केन्द्रीय सरकारअन्तर्गत हुने विषयको विवाद अझै सुल्झिएको छैन । संविधानअनुसार अधिकार नदिएको भन्दै मधेश प्रदेश सरकारले सङ्घीय सरकारविरुद्ध अदालतमा २०७६ साउन २३ गते मुद्दा सर्वोच्च अदालतमा दर्ता गरेको थियो । मधेश प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले संविधानको अधिकार सङ्घीय सरकारले मिचेको मधेश सरकारको आरोप छ । प्रदेशको आर्थिक स्रोतको प्रमुख आधारमध्ये करिब १८ हजार हेक्टरमा रहेको वन विकास परियोजना सङ्घअन्तर्गतको टिम्बर कर्पोरेशन अफ नेपाल (टिसिटिसिएन) मा गाभेर प्रदेशलाई कमजोर बनाउन खोजिएको भन्दै मन्त्रालयले रिट दायर गरेको हो । सर्वोच्च अदालतको संवैधानिक इजलासले २०७६ भदौमा सङ्घीय सरकारको निर्णय कानूनसम्मत नभएको भन्दै कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको थियो ।

मधेश प्रदेश सरकारअन्तर्गत वन तथा वातावरण मन्त्रालयका सचिव उद्धवबहादुर घिमिरेले विवादका कारण सागरनाथ वन परियोजना व्यवस्थापनको काममा असर परेको बताए । परियोजनाको काममा बाधा परेको त छ नै त्यहाँ कार्यरत कर्मचारीले आठ महिनादेखि तलब नपाएका कारण परियोजनाको भविष्य नै अनिश्चित भएको छ । यीमाथि उल्लेखित प्राकृतिक स्रोतका विषयमा देखिएका विवादले आगामी बाटो झन तनावयुक्त हुने सङ्केत देखिएको छ । नेपालमा प्राकृतिक स्रोतहरूको दोहन र त्यसबाट उठ्ने रोयल्टीको बाँडफाँटको विषयमा बेलाबेलामा विवाद पेचिलो बनिरहेको छ । प्राकृतिक स्रोतको रुपमा सूचीकृत जलविद्युत् आयोजना, खानी तथा खनिज स्रोतहरू, ढुङ्गागिट्टी बालुवा, र वनजङ्गलको उपयोगबाट उठ्ने रोयल्टीको विषयमा समय समयमा स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकारबीच रस्साकस्सीको चलेको छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका कार्यवाहक अध्यक्ष जुद्धबहादुर गुरुङ कानूनी अस्पष्टता तथा अभाव र कानूनको पनि आफू अनुकुल व्याख्या, बुझाइको कमी, पारदर्शिताको अभाव र आर्थिक लाभमा असमान पहुँचका कारण प्राकृतिक स्रोतको परिचालनमा सरकारका तीन तहबीच बेला बेलामा विवाद देखिएको बताउँछन् ।

'प्राकृतिक स्रोतमध्ये पनि सबैभन्दा बढी विवाद पानीको स्रोत परिचालनमा देखिएको छ । एउटा स्थानीय तहमा पानीको स्रोत हुन्छ । उसले अर्को स्थानीय तहलाई नदिने भनेर विवाद सिर्जना पनि भइरहेको छ । तर स्वच्छ खानेपानीको हकलाई नेपालको संविधानले नै मौलिक हकको रुपमा राखेको हुनाले कुनै स्थानीय तहले अर्को स्थानीय तहलाई खानेपानी दिन्न भन्न पाउँदैन,' उनले भने, 'यसरी सङ्घीय संरचनामा विभिन्न सरकारबीच प्राकृतिक स्रोत प्रयोगको अधिकार र राजस्व बाँडफाँटमा आएका विवादलाई आयोगले तथ्यमा आधारित सुझाव दिई विवाद समाधानमा भूमिका खेल्दै आइरहेको छ ।'

गुरुङले अध्ययनलाई प्रथामिकता तथा समन्वयमार्फत प्राकृतिक स्रोतमाथि देखिएका विवाद समाधान गर्न सकिने बताए । तर जनशक्ति तथा आवश्यक वित्त लगानीको अभावले विवाद समाधानका लागि आवश्यकता अनुसारको अध्ययन अनुसन्धान गर्न चुनौती देखिएको उनीको भनाइ छ । 'यस्ता किसिमको विवाद समाधानका लागि स्थानीय तहमा पनि स्पष्ट कानून चाहिन्छ । बुझाइमा देखिएको मुख्य समस्या समाधानका लागि समन्वय र जनचेतना आवश्यक छ,' गरुङले भने, 'विवादलाई समाधान गर्न अहिले समानीकरण अनुदान बाँडफाँटमा परिवर्तन भएको छ । प्रदेशले स्थानीय तहलाई अनुदान वितरण कार्य सम्पादनलाई पनि आधार मान्ने छ । यसअघि जनसंख्यालाई मात्रै आधार मानेका थियौ । अहिले भूगोललाई आधार मानेका छौँ ।'

## रोयल्टीमा विवाद

प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको असमान वितरणले बेलाबेलामा विवाद उत्पन्न गरेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँटको विद्यमान संरचनाको पुनरावलोकनसम्बन्धी अध्ययन प्रतिवेदनले प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटमा असमनता रहेको देखाएको छ । प्रतिवेदनअनुसार प्राकृतिक स्रोतको परिचालनको प्रकृति एवं आयामको आधारमा रोयल्टी सङ्कलन हुने र परियोजनापिच्छे बाँडफाँट हुने भएकाले रोयल्टी बाँडफाँटको प्रभावमा आधारित विद्यमान प्रणालीअनुसार प्रदेशहरुको प्राप्त गर्ने जम्मा मधेश र कर्णाली प्रदेशको प्रति वर्ष हिस्सा बढीमा दुई प्रतिशत रहेको देखिन्छ भने सुदूरपश्चिमले पाँच प्रतिशत पुर्याउन सकेको छैन ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सङ्कलन गरेका तथ्याङ्कअनुसार सबभन्दा बढी हिस्सा पाउने बागमती प्रदेशले पाँच वर्षमा प्रतिवर्ष औसत ३५ प्रतिशत रोयल्टी पाएको छ । कोशी, गण्डकी र लुम्बिनी प्रदेशले औसत क्रमशः १७, १९ र २२ प्रतिशत प्राप्त गरेका छन् ।

रोयल्टी आयमा धनी मुलुकहरुले अवलम्बन गरेको रोयल्टी बाँडफाँटको अभ्यासवाट सिक्दै नेपालले न्यून रोयल्टी आय हुने आफ्नो मुलुकको परिवेश अनुसारको मौलिक रोयल्टी बाँडफाँट प्रणालीको विकास गर्नु आवश्यक रहेको आयोगको सुझाव छ ।

संविधान जारी हुनु अघिदेखि नै नेपालमा खासगरी जलविद्युत्, वन र खानी तथा खनिजको रोयल्टी सङ्कलन र वितरणको अभ्यास शुरु भइसकेको थियो । तर त्यो संविधान र कानूनी हिसाबले त्यत्ति व्यवस्थित थिएन । हाल नेपालमा प्राकृतिक स्रोत (पर्वतारोहण, विद्युत्, वन, खानी तथा खनिज र पानी तथा अन्य) को रोयल्टीको बाँडफाँटको निम्ति संविधान, कानून र संयन्त्रको व्यवस्था गरिएको छ भने विगत पाँच वर्षदेखि पर्वतारोहण, विद्युत्, वन, खानी तथा खनिजको रोयल्टी तीन तहका सरकारबीच बाँडफाँट हुँदै आएको छ ।

## वित्तीय समानीकरण अनुदानमा विभेद नगर्न सुझाव

गाउँपालिका राष्ट्रिय महासङ्घका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले खास गरी वित्त आयोगले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा विभेद गर्न नहुने बताउँछन् । 'चालु आर्थिक वर्षको पूर्वयोजना बनाएर यति अनुदान भनेर सिफरिस गरिन्छ । त्यसलाई चलाउन मिल्दैन । हामीले सशर्तका टुक्रे बजेट सिर्जना गरिरहेका छौँ । संविधानको हकमा भएको बजेट कटौती हुन्छ ।

स्थानीय तहको विकास निर्माणको बजेट नै त्यही हो,' उनले भने, 'राजस्व उठेको आधारमा बाँडफाँट गरिएको छ । आम्दानी हुने र नहुनेलाई स्थानीय तहलाई बराबरी हेरिनुहुन्न । राजश्व नउठेकै कारण सरकारी सुविधाबाट बञ्चित हुँदा गाउँमा युवाहरु पलायन हुने अवस्था आएको छ ।'

स्थानीय तहहरु कसरी राजस्व वृद्धि गर्न भन्नेतर्फ लाग्नुपर्ने उनको भनाइ छ । 'वन व्यवस्थापन राम्रो गर्नुपर्छ । नदीजन्य पदार्थ सही व्यवस्थापन भएका छैन । चोरी तस्करी भएको छ । प्राकृतिक स्रोत चलाउनुहुन्न भनिन्छ । सही रुपमा प्रयोग गर्न सक्नुपर्छ ।' राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका कार्यवाहक अध्यक्ष जुद्धबहादुर गुरुङले समानीकरण अनुदानमा देखिएको विवाद समाधानका लागि सरकारलाई सुझावसहित सिफारिस गरिएको जानकारी दिए । संविधानविद् डा भिमार्जुन आचार्य पछिल्लो समय रोयल्टी बाँडफाँट र यस विषयमा देखिएको समस्याले निम्ताएको विवाद समाधानका लागि संविधान नै संशोधन गरेर अगाडि बढ्नुपर्ने अबको आवश्यकता रहेको बताउँछन् । 'तयारी र अनुसन्धान राम्रो नहुँदा प्राकृतिक स्रोत व्यवस्थापन तथा रोयल्टी बाँडफाँटमा विवाद देखिएको हो,' उनले भने, 'संविधानले त बाँडफाँटसम्बन्धी कानूनी व्यवस्था गर्यो । तर प्रावधान कठिन हुँदा संविधान कार्यान्वयनमा चुनौती देखियो । क्षमताको अभावले अmझै समस्या थपियो । अब संविधान नै संशोधन गरेर सुधार गर्न सकिन्छ ।' यीलगायत स्थानीय, प्रदेश, केन्द्रीय सरकारबीचको समन्वय बढाएर उनिहरुको क्षमता अभिवृद्धि गर्न आजको आवश्यकता रहेको आचार्यको भनाइ छ ।

## संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा ५१ (१) ले प्राकृतिक स्रोतसम्बन्धी राज्यको नीतिअन्तर्गत अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात गर्दै प्राकृतिक स्रोतको दिगो रुपमा उपयोग गर्ने र स्थानीय समुदायको अग्राधिकारसहित प्रतिफलको न्यायोचित वितरण गर्ने कुरा उल्लेख गरेको छ । संविधानको अनुसूची ५, ६, ७, ८ र ९ ले सम्बन्धित प्राकृतिक स्रोतसँग सम्बन्धित तहगत अधिकार र कर्तव्यबारे व्यवस्था गरेको छ भने अनुसूची–९ ले प्राकृतिक स्रोत र त्यसको उपयोगबाट प्राप्त रोयल्टीलाई तीनै तहको अधिकार क्षेत्रभित्र राखेको छ । सङ्घ, प्रदेश तथा स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको बाँडफाँट र विस्तृतिकरणले यी विषयहरुलाई अझ स्पष्ट पारेको छ ।

संविधानको धारा ५९(४) ले सङ्घ, प्रदेश र स्थानीय तहमार्फत परियोजना प्रभावित क्षेत्र तथा स्थानीय समुदायमा रोयल्टीको समन्यायिक वितरणको व्यवस्था गरेको छ । धारा ६० (२) ले रोयल्टीको रुपमा सङ्कलित राजस्वको तीन तहका सरकारकाबीच न्यायोचित वितरणको प्रावधान गरेको छ भने र धारा ६० (३) ले प्रदेश र स्थानीय तहले प्राप्त गर्ने त्यस्तो वित्तीय हस्तान्तरण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिश बमोजिम हुने व्यवस्था गरेको छ । संविधानको धारा २५१ ले सङ्घ, प्रदेश र स्थानीय तहवीच राजस्व बाँडफाँटको विस्तृत आधार तथा ढाँचा निर्धारण गर्ने, पुनरावलोकन गर्न र नेपाल सरकार समक्ष सिफारिस गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई जिम्मा दिएको छ । उक्त धाराले प्राकृतिक स्रोत परिचालनमा तीन तहका सरकारको लगानी प्रतिफलको हिस्सा निर्धारणको आधार तय गर्ने, प्राकृतिक स्रोतको बाँडफाँटमा तीन तहका सरकारबीच उठ्न सक्ने विवादको निरुपणको निम्ति सुझाव दिने र प्राकृतिक स्रोतको बाँडफाँटसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी अध्ययन अनुसन्धान र सिफारिस गर्ने कार्यजिम्मेवारी तोकेको छ ।

नेपालमा रोयल्टी सङ्कलन र बाँडफाँटको सन्दर्भमा केही विषय क्षेत्रगत ऐनहरुमा व्यवस्था गरिएको भएता पनि रोयल्टी बाँडफाँटको विषयमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ बढी भूमिकामा छन् । यी ऐनहरु बाहेक स्थानीय सरकार सञ्चालन ऐन २०७४, सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ र प्रदेश सरकारको कार्य सञ्चालनसम्बन्धी ऐनहरु रोयल्टी बाँडफाँटको सन्दर्भमा केही मात्रामा आकर्षित हुन्छन् ।

## विवादको अन्त्य

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका कार्यवाहक अध्यक्ष जुद्धबहादुर गुरुङले नेपालको संविधानअनुसार प्राकृतिक स्रोतहरुमाथि स्थानीय, प्रदेश, र सङ्घीय सरकारले आ–आफ्नो अधिकार प्रयोग गर्न सक्ने भए पनि रोयल्टी सङ्कलन र बाँडफाँटका विषयमा स्पष्ट कानूनी प्रावधान तथा बुझाइको अभावले तीन तहबीच द्वन्द्व बढाइरहेको स्वीकार्छन् । सङ्घीय सरकारले ठूलो आयोजना तथा राष्ट्रिय स्रोतहरूबाट रोयल्टी सङ्कलन गर्ने व्यवस्था गरेको छ । स्थानीय तह र प्रदेश सरकार भने उक्त प्राकृतिक स्रोत प्रयोग गरे वापत वातावरणीय प्रभाव पर्ने भन्दै त्यसको भुक्तानी दिनुपर्ने आवाज उठाइरहेका छन् ।

हालको संरचनामा सङ्घलाई ५० प्रतिशत, प्रदेश र स्थानीय सरकारलाई २५–२५ प्रतिशत र प्रभावित क्षेत्रका जनप्रतिनिधिहरूले स्थानीय तहलाई कम्तीमा ५० प्रतिशत रोयल्टीको माग गरिरहेका छन् ।

बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयका सचिव डा केदार बराल पनि जनताको नजिकको सरकारले बढी कर पाउनुपर्नेमा सहमत छन् । अहिलेको रोयल्टीको प्रावधानको आत्मसमीक्षा गर्न जरुरी रहेको बताउदै उनीले भने, 'राष्ट्रिय वन व्यवस्थापन गर्ने एकल अधिकार सूचीमा प्रदेश सरकारलाई राखिएको छ । तर राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले राजश्व बाँडफाँटको तरिकामा ५० प्रतिशत सङ्घलाई, २५ प्रतिशत प्रदेशलाई र २५ प्रतिशत स्थानीय तहलाई हुने व्यवस्था छ । यो न्यायोचित नै छैन ।'

वन व्यवस्थापन गर्ने एकल अधिकारको सूची प्रदेशको छ भने राजस्वको ठूलो हिंसा प्रदेशले पाउनुपर्ने उनीको तर्क छ । तर राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गत फागुनमा रोयल्टी बाँडफाँटको सीमा परिमार्जन गरेर प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी नेपाल सरकार (सङ्घ), सम्बन्धित प्रदेश र स्थानीय तहमा बाँडफाँट गरिने विद्यमान व्यवस्था परिमार्जनका लागि सरकारलाई सिफारिस गरेको छ ।

वातावरण कानूनका विज्ञ प्रकाशमणि शर्मा सङ्घीयतामा तीन तहको सरकारबीच प्राकृतिक स्रोतलाई आयआर्जनको रुपमा मात्रै लिएर द्वन्द्व बढेको र यसले वातावरणीय अपराध पनि बढाएको बताउनुहुन्छ । 'प्राकृतिक सम्पदालाई अर्थापार्जन गर्ने स्रोतको रुपमा मात्रै हेरिएको छ । प्राकृतिक महत्व, पर्यावरण सुरक्षाको रुपमा हेरिएको छैन । खोलाका ढुङ्गा, गिट्टी र डाडाँहरुलाई आर्थिक स्रोतको रुपमा मात्रै हेरिन्छ र बजेटमा नै वैदेशिक घाटा घटाउन चुरेका ढुङ्गा गिट्टी बेच्ने कुरा आउँछ,' उनी भन्छन्, 'ललितपुरको गोदावारीमा ढुङ्गा, गिट्टी निकाल्दा पहिरो जस्ता मानव सिर्जित प्राकृतिक विपद्को सामना गर्नुपर्यो । त्यसैले यस्ता वातावरणीय अपराध रोकेर पर्यावरणमैत्री विकासमा लाग्नुपर्छ ।' रासस

# विद्यालय–अस्पताल आसपासमा सुर्तीजन्य पदार्थ बिक्रीमा कडाइ

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंजलाई सफा, स्वच्छ र सुन्दर बनाउन जथाभावी पान, गुट्खा तथा सुर्तीजन्य पदार्थ सेवन गरी फोहोर नगर्ने व्यवस्था बनाउन पान व्यवसायी सहमत भएका छन् । वीरगंज महानगरपालिका र पान, गुट्का तथा सुर्तीजन्य पदार्थ व्यवसायी संघबीच भएको छलफलमा पान पसलमा अनिवार्य डस्टबिन राख्ने, जथाभावी थुक्न र फोहोर गर्न नलगाउने विषयमा व्यवसायी सहमत भएका हुन् ।



यस्तै, गुट्का तथा सुर्ती जन्य पदार्थको खुला बिक्रीवितरणमा कडाइ गर्दै विद्यार्थीलाई यस्ता पदार्थ बिक्री गर्न प्रतिबन्ध लगाउन विद्यालय र अस्पताल क्षेत्र वरपर बिक्री गर्न नपाइने निर्णय गरिएको छ । सार्वजनिक स्थानमा थुक्ने र जथाभावी फोहोर गर्ने प्रवृत्ति नियन्त्रण गर्दै वीरगंजलाई सफा र स्वच्छ शहर बनाउने उद्देश्यले महानगरपालिकाले व्यवसायी संघसँग सहमति गरेर यस्तो निर्णय गरेको हो ।

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले भने, 'हामी वीरगंजलाई स्वच्छ, सफा र मर्यादित शहर बनाउनेतर्फ प्रतिबद्ध छौँ । यो पहल त्यसकै एउटा महत्वपूर्ण पाटो हो ।' व्यवसायी संघका प्रतिनिधिहरूले पनि सहमतिमा हस्ताक्षर गर्दै सामाजिक उत्तरदायित्व बहन गर्ने प्रतिबद्धता जनाएका छन् । पान व्यवसायी संघ पर्साका अध्यक्ष लालबहादुर चौरसियाले विद्यालय जाने बालबालिका, अस्पतालमा उपचार गरिरहेका बिरामी र अन्य नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै यस्ता पदार्थको सीमित र अनुशासित बिक्रीप्रणालीमा सहयोग गर्न आफूहरु तयार रहेको बताए ।

साथै, व्यवसायी संघले नै पान, गुट्खा तथा सुर्तीजन्य पदार्थ सेवन गरेर जथाभावी नथुक्न, र्यापर जथाभावी नफाल्न, फोहोर जथाभावी नगर्न भन्दै सचेतनामूलक जागरण र्याली प्रदर्शन गर्दै नागरिकमा सचेतना फैलाउने पनि प्रतिबद्धता जनाएका छन् । महानगरपालिकामा व्यवसाय दर्ता गरेर मात्रै आफ्नो व्यवसाय सञ्चालन गर्न पनि उनीहरु तयार भएका छन् ।

महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले महानगरले अब बजार अनुगमन गर्ने, नियम उल्लंघन भएमा कारबाही गर्ने र नागरिकबीच चेतना फैलाउने कामलाई तीव्र बनाउने बताए । सार्वजनिक हितका लागि गरिएको यो पहलले वीरगंजको सफाइ अभियानमा नयाँ गति ल्याउने अपेक्षा गरिएको छ ।




**चमेली माईको मन्दिरः** सर्लाहीको कबिलासी नगरपालिका–१० सलेमपुरमा रहेको चमेली माईको मन्दिर । मन्दिरमा नेपालसँगै भारतका विभिन्न स्थानबाट समेत ठूलो संख्यामा भक्तजन आउने गर्दछन् । तस्बिरःसिङ्गबहादुर थापा

# एमपिएलः मिथिला वारियर्स फाइनलमा

**उमेश कुमार साह**
**सप्तरी ।**

राजविराजमा सञ्चालित मधेश प्रिमियर लिग (एमपिएल) क्रिकेट प्रतियोगितामा मिथिला वारियर्स फाइनलमा प्रवेश गरेको छ । राजविराजस्थित पवि माविको खेलमैदानमा बुधबार सम्पन्न पहिलो सेमिफाइनल खेलमा जनकपुर सनराइजलाई ४ विकेटले पराजित गर्दै मिथिला फाइनलमा प्रवेश गरेको हो ।

बुधबार बिहान सम्पन्न पहिलो सेमिफाइनलमा जनकपुरले दिएको ८९ रनको लक्ष्य मिथिलाले ६ विकेट गुमाएर फाइनल यात्रा तय गरेको हो । टस जितेर जनकपुरले १७ ओभर ३ बलमा सबै विकेट गुमाएर ८८ रनको योगफल खडा गरेका थियो । विशाल सुस्लिङले सर्वाधिक ३४ रन, आरिफ शेखले २५ रन बनाएका थिए । बलिङतर्फ मिथिला वारियर्सका शेर मल्लले ३ विकेट, कुशल भुर्तेल र नन्दन यादवले समान २–२ विकेट, र वसन्त खत्रीले १ विकेट लिएका थिए ।



जवाफमा मिथिला वारियर्सले १५ ओभर ३ बलमा ६ बिकेट गुमाएर जित हात पार्दै फाइनलमा प्रवेश गरेको हो । टिमलाई फाइनलमा प्रवेश गराउन राष्ट्रिय खेलाडी कुशल भुर्तेलले सर्वाधिक २७ रन, अर्का राष्ट्रिय खेलाडी दिपेन्द्र सिंह ऐरीले अविजित १९ रन बनाएपछि जित सहज भएको हो । यसैगरी, टिमका लागि बसिर अहमदले १४ रन बनाएका थिए । बलिङतर्फ बिपिन खत्री र फदेह सिद्धिकीले समान २–२ विकेट र तुल बहादुर मगरले १ विकेट लिएका थिए ।

खेलको प्लेयर अफ दि म्याच राष्ट्रिय खेलाडी कुशल भुर्तेललाई जसपा नेपालका नेता दिनेश यादव, राजविराज वडा २ का वडाअध्यक्ष अरूण यादव र युवा नेता लक्ष्मण यादवले संयुक्तरूपमा कप, ५ हजार १ सय रुपैयाँको चेक हस्तान्तरण गरेका थिए ।

# आदिवासीको अधिकार सुनिश्चित गर्न सरकार क्रियाशील

**मधेशदृष्टि**
**वीरगंज ।**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले नेपालले विविधतालाई अँगाल्नुका साथै आदिवासी जनजातिको अधिकारको प्रवद्र्धन र संरक्षण गर्ने सन्दर्भमा उत्कृष्ट उदाहरण भएको बताएका छन् ।




अमेरिकास्थित संयुक्त राष्ट्र संघको मुख्यालय न्युयोर्कमा आयोजित आदिवासी जनजातिको मुद्दासम्बन्धित संयुक्त राष्ट्रसंघीय स्थायी मञ्चको चौबीसौँ सत्र द्वान्टी फोर्थ सेसन अफ द युनाइटेड नेसन्स पर्मानेन्ट फोरम अन इन्डिजिनियस इस्यु (युएन–पिएफआइआइ)को सम्मेलनमा मन्त्री गुप्ताले आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणापत्रका सिद्धान्त अपनाएको बताए । यसले आदिवासी समुदायको न्याय, समानता र मान्यतालाई प्रवद्र्धन गर्ने आधारभूत आधार बनेको उनले बताए । नेपालको संविधानले आदिवासी समुदायको अधिकार ग्यारेन्टी गरेको र यस्ता अधिकार सुनिश्चित गर्न धेरै प्रगतिशील उपाय लागू गरेको उनले बताए । समानुपातिक प्रतिनिधित्व र आरक्षण प्रणालीको सुरुवातसँगै, देशको राजनीतिक र प्रशासनिक दुवै क्षेत्रमा आदिवासी जनजातिको प्रतिनिधित्व बढ्दो रूपमा देखेको पनि उनले बताए । १६ औँ आवधिक योजनाले आदिवासी जनजातिको समावेशीकरण र सशक्तिकरण, सामाजिक न्याय र समतामूलक विकास सुनिश्चित गर्ने कुरामा पनि गुप्ताले जोड दिए । आदिवासी ज्ञान र अभ्यासलाई अन्तर्राष्ट्रिय संरक्षण रणनीतिमा एकीकरण सुनिश्चित गर्ने प्रयास गरिएको उनको भनाइ छ ।

आदिवासी बालबालिकालाई उनीहरूको मातृभाषामा अध्ययन गर्ने अवसर प्रदान गरिएको उनले बताए । नेपालको कानूनहरूले आदिवासी समूहहरूको अधिकार र विशेषाधिकारको संरक्षण गर्दै भूमि र सम्पत्तिको सामुदायिक स्वामित्वलाई समर्थन गरेको उनले बताए । उनले सरकारले लोपोन्मुख आदिवासी समूहका लागि मासिक भत्तासहित सामाजिक सुरक्षा अनुदान प्रदान गरेको सामुदायिक संलग्नता सुनिश्चित गर्दै प्रमुख परियोजना छनौट गर्दा निःशुल्क, पूर्व र सूचित सहमति अभ्यास लागू गरेको तथा आइएलओ महासन्धी १६९ का पक्षका रूपमा, नेपाल आदिवासी जनजातिको पहिचान, भाषा र संस्कृति संरक्षण गर्न प्रतिबद्ध रहेको पनि बताए ।

आदिवासी अधिकार प्रवर्धन गर्ने यी पहल र उत्कृष्ट अभ्यासको बाबजुद, स्वास्थ्य, शिक्षा, सम्मानजनक काम, आर्थिक अवसर र अन्य परिणाम प्रदान गर्ने सन्दर्भमा महत्त्वपूर्ण चुनौती बाँकी रहेको बताउँदै उनले नेपाल अन्तर्राष्ट्रिय समुदायलाई यी क्षेत्रहरूमा लगानी बढाउन र आदिवासी जनजातिको सांस्कृतिक संरक्षणका लागि सहयोग प्रदान गर्न आह्वान गर्न चाहेको पनि बताए । आदिवासी समुदायको मर्यादा, कल्याण र सशक्तिकरण सुनिश्चित गर्न संयुक्त राष्ट्रसंघ र विश्वव्यापी साझेदारसँग सहकार्य गर्न तयार रहेको मन्त्री गुप्ताले बताए । सबै आदिवासी समुदायका लागि प्रगतिलाई अगाडि बढाउन र उज्ज्वल भविष्य सिर्जना गर्न सँगै काम गर्न उनले आग्रह गरे ।

# एयरटेल, जियो, बिएसएनएलका सिग्नल स्ट्रेन्थका उपकरण जफत

**मधेशदृष्टि**
**वीरगंज ।**

भारतीय मोबाइल सिम प्रयोग गर्ने उद्देश्यले वीरगंजमा अवैधरूपमा राखिएका चारवटा मोबाइल सिग्नल बुस्टर तथा एम्प्लिफायर प्रहरीले जफत गरेको छ । नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार बुस्टर, एम्लिफायर वा यस प्रकारका उपकरण प्रयोग गर्न दूरसञ्चार ऐन, २०५३ तथा रेडियो ऐन, २०१४ अनुसार अनुमति आवश्यक पर्छ ।

दूरसञ्चार ऐनको दफा २१ मा अनुमतिपत्र नलिई दूरसञ्चार सेवा सञ्चालन गर्न पाइँदैन । रेडियो ऐनको दफा ३ ले पनि यस्ता उपकरण अनुमतिपत्रबेगर बनाउन, राख्न र प्रयोग गर्न निषेध गरेको छ । भारतीय एयरटेल, जियो, बिएसएनएल कम्पनीका सिम स्थानीयरूपमा सहजै चलाउन सिग्नल स्ट्रेन्थ बढाउन प्रयोग हुँदै आएका उपकरणहरू जफत गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । प्रहरी उपरीक्षक गौतम मिश्रले वीरगंजमा अवैधरूपमा प्रयोग भएका भारतीय मोबाइल सिग्नल बुस्टर तथा एम्प्लिफायर जफत गरिएको बताए ।

प्रहरी उपरीक्षक मिश्रका अनुसार साइबर ब्युरोसँगको सहकार्यमा बुस्टरसहितको सेटअप जफत गरिएको हो । एनसेलले वीरगंज आसपास क्षेत्रमा 'नेटवर्क इन्टर्फरेन्स' अर्थात एउटा सिग्नलले अर्को सिग्नलको गुणस्तरमा असर पारेको महसुस गरेपछि नियामक नेपाल दूरसञ्चार प्राधिकरणमा उजुरी गरेको थियो । दूरसञ्चार प्राधिकरणले २०८१ चैत १७ गते यस विषयमा सूचना निकालेर सिग्नल बुस्टर तथा एम्प्लिफायर डिभाइस प्रयोग नगर्न अनुरोध गरेको थियो ।

# शिक्षक आन्दोलनले विद्यार्थी भर्ना प्रभावित

पर्सा जिल्लामा १४ स्थानीय तहअन्तर्गत ३ सय ५२ सामुदायिक विद्यालय छन्, जहाँ १ लाख २७ हजार विद्यार्थी अध्ययनरत छन् । हरेक वर्ष ३५ हजार नयाँ विद्यार्थी भर्ना हुने गरे पनि शिक्षक आन्दोलनले यसपालि भर्ना प्रक्रिया शुरुमै अन्योलमा परेको छ ।

**मधेशदृष्टि**
**वीरगंज ।**

देशभर शिक्षक आन्दोलन चर्किरहेका बेला पर्सा जिल्लाका सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना अभियान शुरु हुनसकेको छैन । शिक्षा मन्त्रालयले वैशाख २ देखि ७ गतेसम्म भर्ना अभियान सञ्चालन गर्ने कार्यतालिका सार्वजनिक गरे पनि पर्सामा अझै कुनै विद्यालयमा औपचारिकरूपमा भर्ना प्रक्रिया शुरु भएको छैन ।

वैशाख ७ गते वीरगंजमा बसेको बैठकमा जिल्लाका पालिका प्रमुख, उपप्रमुख तथा शिक्षा शाखा प्रमुखहरूले वैशाख ८ देखि १५ गतेसम्म अनिवार्यरूपमा भर्ना अभियान सञ्चालन गर्ने निर्णय गरेका थिए ।

निर्णयअनुसार पत्राचार गरिएको भए पनि अधिकांश विद्यालयले अभियान शुरु गर्न अस्वीकार गरेका छन् । पर्सागढी नगरपालिकाले समेत सबै विद्यालयलाई अनिवार्य भर्ना अभियान शुरु गर्न वैशाख ७ गते निर्देशन दिएको थियो । तर शिक्षकहरूको आन्दोलनको प्रभावले प्रधानाध्यापक निर्देशन पालना गर्न अनिच्छुक देखिएका छन् । नेपाल शिक्षक महासंघ पर्साले सरकारसँग माग पूरा नभएसम्म सबै शैक्षिक गतिविधि ठप्प पार्न निर्देशन दिएपछि विद्यालय शिथिल अवस्थामा छन् । पर्सा जिल्लामा १४ स्थानीय तहअन्तर्गत ३ सय ५२ सामुदायिक विद्यालय छन्, जहाँ १ लाख २७ हजार विद्यार्थी अध्ययनरत छन् । हरेक वर्ष ३५ हजार नयाँ विद्यार्थी भर्ना हुने गरे पनि यसपालि भर्ना प्रक्रिया शुरुमै अन्योलमा परेको छ । शिक्षक आन्दोलन र सरकारी उदाशीनताबीच विद्यार्थी भर्ना अभियान अप्ठ्यारो मोडमा पुगेको छ । पालिकाको निर्देशन, चेतावनी र पत्राचार सबैजसो प्रभावहीन देखिएको वर्तमान स्थितिमा समाधान कहिले र कसरी आउला भन्ने अन्योल कायमै छ ।

# कमिसनको लोभमा उपमहानगरको सूचीलाई बेवास्ता

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

जनकपुरधाम उपमहानगरपालिकाले जारी गरेको पुस्तक कायम गर्न पुस्तक व्यवसायीले माग गरेका छन ।

उपमहानगरले नगरभित्रको स्कुलको पढाइमा एकरुपता ल्याउन स्कुलले पढाउनुपर्ने पुस्तकको नामावली सार्वजनिक गरेकामा स्कुलहरुले त्यसलाई नमानेको भन्दै आपत्ति जनाएका छन् ।

बुधबार पत्रकार सम्मेलन गर्दै पुस्तक व्यवसायीले जनकपुरधाम उपमहानरपालिकाले लागू गरेको पुस्तक सूची कार्यान्वयन माग गरेको हो । कमिसनको लोभमा केही निजी स्कुलले नगरपालिकाले जारि गरेको सूचीबाहिरका पुस्तक लागू गरेर पुस्तक बिक्री वितरण गर्दै आएकामा आपत्ति जनाएको छ ।

पुस्तक व्यवसायी बजरंग यादवले उपमहानगरले पुस्तकको नाम सार्वजनिक गरेपछि आफूहरुले त्यही अनुसार पुस्तक ल्याएको तर अहिले निजी स्कुलहरुले आफूअनुकुल कमिसनको लोभमा स्तरीय पुस्तकलाई बेवास्ता गर्दै कमिसन बढी दिने पब्लिकेसन्सको पुस्तक लागू गरेको आरोप लगाए । उनले उपमहानगरले पढाउनुपर्ने पुस्तकको नाम सार्वजनिक गरे पनि त्यसलाई कार्यान्वयनतर्फ उपमहानगरले ध्यान नदिएको बताए ।

# स्ववियुका पदाधिकारीद्वारा आश्रम अवलोकन

**मधेशदृष्टि**
**वीरगंज ।**

ठाकुरराम बहुमुखी क्याम्पसका नवनिर्वाचित स्ववियुका पदाधिकारी र सदस्यको टोलीले बधुबार मानव सेवा आश्रम वीरगंज शाखा स्थलगत अवलोकन भ्रमण गरेका छन् । नवनिर्वाचित स्ववियु सभापति राजकुमार यादवसहितको टोलीले आश्रम अवलोकन गरेको हो । प्रदेश सभा सदस्य तथा नेपाली कांग्रेसका नेता श्याम पटेलसँगै स्ववियु पदाधिकारी र सदस्यहरुले आश्रमको अवलोकन भ्रमणक्रममा त्यहाँका भौतिक संरचना, त्यहाँ आश्रितको अवस्था, उनीहरुको खानपान र बसोबासको प्रबन्ध, स्वास्थ्य अवस्थालगायतबारे जानकारी लिए । मानव सेवा आश्रम वीरगंज शाखाका संस्थापक देवेश गुप्ता, संरक्षक एवम् सामाजिक अभियन्ता प्रकाश थारुलगायतले आश्रम अवलोकनमा आएकालाई स्वागत गरेका थिए । प्रदेश सभा सदस्य पटेल र स्ववियु सभापति यादवले आश्रमको संरक्षणमा रहेका सडकबाट उद्धार गरिएकाका लागि आफूहरुका तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए ।

नेपाली कांग्रेसका नेता बैकुण्ठ श्रीवास्तव, नेविसंघका केन्द्रीय सदस्य मुनराज तिवारी, वीरगंज युवा समाजका संस्थापक अध्यक्ष कमल चौगाई, स्ववियु उपसभापति राहुल दास, सचिव मन्दिरा चौधरी, सहसचिव पुष्पराज यादव, कोषाध्यक्ष अंकित पटेलसहित सदस्यको उपस्थिति थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन